
# लेखापरीक्षण प्रतिवेदन

# जानकी गाउँपालिका, कैलाली

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## जानकी गाउँपालिका, कैलाली

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/157

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कैलाली।

**कैफियतसहितको राय**

हामीले जानकी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान ( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

पालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम स्थानीय संचित कोषमा जम्मा हुने व्यवस्था छ। पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक

सुरक्षा तथा संरक्षणको रु. २० करोड ६३ लाख २ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२ करोड ४६ लाख ४३ हजार समेत गरी रु. २३ करोड ९ लाख ४५ हजार समावेश गरेको छैन।

१. पालिकाको रु. १ अर्ब ५६ करोड २१ लाख १३ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ६७ लाख ४ हजार (१.०७ प्रतिशत) बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ११ लाख १४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १४ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५४ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु. ७७ लाख ११ हजार र सोधभर्ना लिनुपर्ने रु. ९ लाख ३२ हजार रहेको छ। गत वर्षसम्म रु. १९ करोड ७४ लाख ६६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ३० लाख ५५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले

उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

### बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ११० | ३७ | १,६७,०४,०२९ | ० | १२ | ११,१४,४६६ | ० | ११० | २५ | १,५५,८९,५६३ | १४,६९,७४९ | ७७,१०,८२० | ५४,७६,९९३ | ० | ९३२,००१ | १,४१,१९,८१४ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | १९,७४,६६,००० | ० | ० | १९,७४,६६,००० | ० | १,५५,८९,५६३ | २१,३०,५५,५६३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १६ | प्रमाण पेश गर्नुपर्ने | ९,८५,०२५ |
| २ | २०८०/८१ | ३६ | प्रधानाध्यापक छनौट तथा व्यवस्थापनको लागी रकम निकासा | ४२,८४० |
| ३ | २०८०/८१ | ३७ | विल भरपाई वेगर रकम भुक्तानी (शसर्त चालु) | ८६,६०१ |
| जम्मा | | | | ११,१४,४६६ |

# (८०७७७५०३३०० - जानकी गाउँपालिका, कैलाली )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेका छन् भने क्षेत्रफल १०७.२७ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार ४९,८६० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।९ देखि २०८१।९।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको जम्मा रु. १ अर्ब ५६ करोड २१ लाख १३ हजार १७४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १८००००।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पालिकाका अध्यक्ष विदेश भ्रमण जाँदा गरेको खर्च रु. १८००००।०० असुल गरी हिमालयन बैंक लिमिटेडमा भौचर नं. ८५०१२१२०३६ मिति २०८१।१०।२८ गते राजस्व शीर्षक नं. १५१११ मा दाखिला गरेको भौचर पेश गरेको | १८०००० |

**(ज) वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६७०४७५८५.३५ | १ | **चालु खर्च** | ३७०५९२६८९.७८ | ३७०५९२६८९.८ |
| | संचित कोष | ५४६४९३५६.११ | | २ | **पूँजीगत खर्च** | १३६३७३१९८.७१ | १३६३७३१९८.७ |
| | धरौटी | ८००८२४२.८२ | | ३ | **धरौटी फिर्ता** | ६७९६९९२.२१ | ६७९६९९२.२१ |
| | कार्यसञ्चालन कोष | ४३८९९८६.४२ | | ४ | **कोष फिर्ता** | २३४८९८८५.५१ | २३४८९८८५.५१ |
| २ | **राजस्व (आन्तरिक आय)** | | १४५३६३६०८.९७ | ५ | **अन्तर स्थानीय तह बाट प्रास** | | २३०९४५६७८.०० |
| | क) आन्तरिक राजस्व | २०९८१९६३.७२ | | | क) सामाजिक सुरक्षा | २०६३०२६७८ | |
| | ख) राजस्व बाँडफाँड | १२४३८१६४५.२५ | | | ख) स्थास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४६४३००० | |
| | ग) अन्य आय | ० | | ६ | **अनुदान फिर्ता** | १८०२७३६७.२२ | १८०२७३६७.२२ |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ३४८४९९३८१ | ७ | **मौज्दात** | | ५६७०९१३६.५८ |
| | क) वित्तिय समानीकरण अनुदान | १२७८७५०००. | | | संचित कोष | ४५२१६२१४.१३ | |
| | ख) सशर्त अनुदान | २१३०८३००० | | | धरौटी | ७१९९५३२.७९ | |
| | ग) समपूरक अनुदान | ४१६८५०० | | | कार्यसञ्चालन कोष | ४२९३३८९.६६ | |
| | घ) विशेष अनुदान | ३३७२८८१ | | | | | |
| ४ | **प्रदेश सरकारबाट प्रास अनुदान** | | २१६९७१२३.९४ | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | १२२५६००० | | | | | |
| | ख) सशर्त अनुदान | ३०५९०४० | | | | | |
| | ग) समपुरक अनुदान | २२६५४२८ | | | | | |
| | घ) विशेष अनुदान | ४११६६ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ५५.९४ | | | | | |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | २३०९४५६७८.०० | | | | |
| | क) सामाजिक सुरक्षा | २०६३०२६७८ | | | | | |
| | ख) स्थास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४६४३००० | | | | | |
| **७** | **विभिन्न कोषतर्फको आय** | २३३९३२८८.५७ | २३३९३२८८.५७ | | | | |
| **८** | **धरौटी आय** | ५९८८२८२.१८ | ५९८८२८२.१८ | | | | |
| | **जम्मा** | **८४२९३४९४८.०१** | **८४२९३४९४८.०१** | | **जम्मा** | **८४२९३४९४८.०१** | **८४२९३४९४८.०१** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय विवरणको यथार्थता-** पालिकाकोआर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २०,६३,०२,६७८ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २,४६,४३,००० समेत गरी रु. २३,०९,४५,६७८ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. २३०९४५६७८.०० र यस वर्षको भुक्तानी रु. २३०९४५६७८.०० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ६७०४७५८५.३५ | ५४४९४१६८४.७ | ७८६२२५८११.४३ | ५६७०९१३६.५८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६७०४७५८५.३५ | ७७५८८७३६२.६६ | ५५५२८०१३३.४३ | ५६७०९१३६.५८ |
| फरक | ० | २३०९४५६७८ | २३०९४५६७८ | ० |

२.३ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबारआय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | श्रेस्ताअनुसार | बैंकअनुसार | फरक |
|---|---|---|---|
| आन्तरिकराजस्व खाता | ० | ०.०० | ० |
| बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ० |
| आन्तरिकअनुदान खाता | ० | ० | ० |
| स्थानीयतह सञ्चित कोष खाता | ४५२१६२१४.१३ | ४५२१६२१४.१३ | ० |
| स्थानीयतह धरौटी खाता | ७१९९५३२.७९ | ७१३२८२७.७९ | -६६७०५ |
| चालूखर्च खाता-विजोर वर्ष | ०.०० | ० | ० |
| पूँजिगतखर्च खाता-विजोर वर्ष | ० | ५७४५९ | ५७४५९ |
| स्थानीयतह विविध कोष खाता | २५५२६९९.८ | २५५२६९९.८ | ० |
| विविधखर्च खाता | ३०५०३.०६ | ३३९३०. | ३४२७ |
| स्थानीयतह आकस्मिक कोष खाता | ०. | ०. | ० |
| स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | १७१०१८६.८ | १७१०१८६.८ | ० |
| जम्मा | ५६७०९१३६.५८ | ५६७०३३१७.९८ | -५८१९ |

यसमा धरौटीको फरक ६६७०५ मंगलासैनी बिल्डर्सलाई दोहोरो भुक्तानी भएकोमा मिति २०८०।०४।२० मा फिर्ता भएकोले हिसाब मिलान गरिएको। स्रेस्ताअनुसार मौज्दात रु. ५६७०९१३६।५८ र बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.५६७०३३१७।९८ बीचको फरक हिसाब रु. ५८१९।०० को पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ। एकिन गरी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८१९ |

२.४ **अनुदान फिर्ता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्तभएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. १८०२७३६७।२२ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| अनुदान | प्राप्तरकम | खर्चरकम | फिर्ताहुनुपर्ने | फिर्ताभएको | फरक |
|---|---|---|---|---|---|
| संघ शर्सत(चालु) | २०९५८३०००. | १९४०६४२२१.८७ | १५५१८७७८.१३ | १५५१८७७८.१३ | ०.०० |
| संघ शर्सत(पुँजिगत) | ३५०००००. | ११६३०४९. | २३३६९५१.०० | २३३६९५१. | ०.०० |
| संघ (विषेश अनुदान पुजिगत) | ३३७२८८१. | ३३७२८८१. | ०.०० | ०. | ०.०० |
| संघ(समपुरक अनुदान पुँजीगत) | ४१६८५००. | ४१६८५००. | ०.०० | ०. | ०.०० |
| प्रदेश शर्सत(चालु) | ५४४४००. | ३८८६३६.३९ | १५५७६३.६१ | १५५७६३.६१ | ०.०० |
| प्रदेश शर्सत(पुँजिगत) | २५१४६४०. | २४९८७६५.५२ | १५८७४.४८ | १५८७४.४८ | ०.०० |
| प्रदेश विशेष(चालु) | ४११६६५५.९४ | ४११६६५५.९४ | | | |
| प्रदेश समपुरक अनुदान(पुँजीगत) | २२६५४२८. | २२६५४२८. | ०.०० | ०. | ०.०० |
| जम्मा | २३००६५५०४.९४ | २१२०३८१३७.७२ | १८०२७३६७.२२ | १८०२७३६७.२२ | ०. |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· बिभिन्न म. ले. प. फा. नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारित म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म. ले. प. फा. नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

· कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी

भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वियनमा आएको पाइएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन, साथै यस बर्ष निर्माण गरेका सबै पूँजीगत कार्यको फोटो राख्ने गरेको पाइएन ।

· दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ४ आन्तरिक आय तर्फ

४.१ **आय अनुमान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्थाछ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३,७९,३७,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष

२०८०।८१ मा रु.२,०९,८१,९६३.१४ अर्थात ५५.३१ प्रतिशत उठेकोमा अनुमान भन्दा ४४.६९ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

४.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३३,२४,४८,८४६.४७ | २,०९,८१,९६३.१४ | ६.३१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.३१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४.३ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | आय शिर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | १५०००००. | ९०९५२६.२१ | ६०.६४ |
| २ | ११३१४ - भुमिकर/मालपोत | ७५०००००. | ३६२७०४४.२८ | ४८.३६ |
| ३ | ११३१७ - वहाल कर | ९०००००. | ७७४६९२ | ८६.०८ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ५००००० | ६०९७५४ | १२१.९५ |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ५००००० | ११००० | २.२ |
| ६ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १००००० | ०.०० | ० |
| ७ | ११४७९ - अन्य मनोरञ्जन कर | १००००० | ०.०० | ० |
| ८ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १००००० | ०.०० | ० |
| ९ | ११६९१ - अन्य कर | १००००० | २६६० | २.६६ |
| १० | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५००००० | ०.०० | ० |
| ११ | १४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी | ०.०० | १५००००० | - |
| १२ | १४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १००००० | ०.०० | ० |
| १३ | १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १००००० | ०.०० | ० |
| १४ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १००००० | ०.०० | ० |
| १५ | १४२२१ - न्यायिक दस्तूर | १००००० | ४८१० | ४.८१ |
| १६ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | १००००० | ०.०० | ० |
| १७ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ५०००००० | २६१८६५०.०३ | ५२.३७ |
| १८ | १४२४२ - नक्सापास दस्तुर | १५००००० | ३४८८२२.७३ | २३.२५ |
| १९ | १४२४३ - सिफारिश दस्तुर | ५०००००० | २६७७४८०. | ५३.५५ |
| २० | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १५००००० | ६१८४५०. | ४१.२३ |
| २१ | १४२४५ - नाता प्रमाणित दस्तुर | ५००००० | ४०१८६४. | ८०.३७ |
| २२ | १४२४९ - अन्य दस्तुर | २५००००० | १०८३०७५. | ४३.३२ |
| २३ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८००००० | ०.०० | ० |
| २४ | १४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १००००० | ०.०० | ० |
| २५ | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | १००००० | २८४९९३४.८९ | २८४९.९३ |
| २६ | १४३१३ - धरौटी सदरस्याहा | १००००० | ०.०० | ० |
| २७ | १४५११ - बीमा दावी प्राप्ति | १००००० | ०.०० | ० |
| २८ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | १००००० | ०.०० | ० |
| २९ | १४५२९ - अन्य राजस्व | १०००००० | २८५०० | २.८५ |
| ३० | १४६११ - व्यवसाय कर | ५०००००० | १४८५७०० | २९.७१ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | १५१११ - बेरूजू | २३३७००० | १४३०००० | ६१.१९ |
| जम्मा | | ३७९३७००० | २०९८१९६३.१४ | ५५.३१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

४.४ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७८/७९ | ५०८३५००० | २३६५७६६८.९७ | ४६.५४ |
| २०७९/८० | ३२९२०००० | १८७७२९३७.२४ | ५७.०३ |
| २०८०/८१ | ३७९३७००० | २०९८१९६३.१४ | ५५.३१ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७८/७९ मा आय अनुमान रु ५०८३५००० गरिएकोमा रु२३६५७६६८.९७ अर्थात ४६.५४ प्रतिशत संकलन भएको छ त्यसै गरी आ.व. २०७९/८० मा रु.३२९२०००० आय अनुमान गरिएकोमा रु.१८७७२९३७.२४ अर्थात ५७.०३ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८०/८१ मा रु.३७९३७००० आय अनुमान गरिएकोमा रु. २०९८१९६३.१४ अर्थात ५५.३१ प्रतिशत आय प्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय पहिलो दुई वर्षमा बढ्दो क्रममा र तेस्रो वर्ष घट्दो क्रममा रहेको भएता पनि पालिकाको प्रशासनिक खर्चको तुलनामा न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

४.५ **व्यवसाय कर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय कर वापत रु.१,४८,५७,०००कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

४.६ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

४.७ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०/८१ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

४.८ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ।

सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानुनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

४.९ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। पालिकाले लेखापरीक्षणको क्रममा सम्पूर्ण नगदी रसिद ठेलीहरु पेश नगरेको कारण नगदी रसिदहरुबाट प्राप्त राजस्वको सम्बन्धमा एकिन हुन सकिएन। अघिल्लो आ.व.को बाँकी रसिद ठेलीहरु तथा यस आर्थिक वर्षमा के कति नगदी रसिद ठेलीहरु छपाइ गरी राजस्व संकलन गरियो भन्ने सम्बन्धमा समेत एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।

४.१० **रसिद नियन्त्रण खाता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। सोही को दफा ७२(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। पालिकाले म.ले.प.फा.नं. ९०४ बमोजिम रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनु पर्दछ।

## ५ पालनाको लेखापरीक्षण

५.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ। आवधिक योजना गरेको भएपनि वार्षिक बजेट र आवधिक योजना विच तादम्यता भएको देखिदैँन। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना र बार्षिक बजेट विच तादम्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५.४ **बजेट पेश, पारित र अख्तियारी** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति २०८०।०३।०८ मा रु. ६१ करोड ०५ लाख ७१ हजार को बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।०३।०८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ। साथै पालिकाले ऐनले तोकेकै अवधिभित्र बजेट खर्च गर्ने अख्तियारी दिने तर्फ ध्यान दिनुपर्दछ।

५.५ **बजेट अवण्डा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार यस पालिकाले यो वर्ष रु.४५,३६,००० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु.२५ लाख खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र. सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १. | समपुरक कोष (स्वास्थ्यका करार कर्मचारीहरुको लागि तलब र पोसाक भत्ता) | ७४२४८० | ७४२४८० |

५.६ **योजना प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची - ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १२३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २९ | २३ | ५ | १ |
| २. | वडास्तरीय | ९४ | ० | ५ | ८९ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना योजना कार्यान्वयन भएको भएपनि प्रभावकारी अनुगमन भएको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

५.७ **लक्ष्य प्रगति** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकाको वार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५% सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| कार्यक्रम संख्या | १२३ | ० | ० | ० | १२३ |

पालिकाले दिएको विवरण अनुसार पालिकाबाट यस वर्ष सञ्चालित सबै योजना ७५ प्रतिशत भन्दा बढी प्रगति भएको छन्। योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वयन भएको देखिदैन। प्रगति राम्रो भएपनि यसबाट कति रोजगारी सिर्जना भयो। लक्ष्य अनुरुप योजना सम्पन्न भएनभएको एकिन भएन। यसर्थ प्राथमिकीकरण गरी कार्यान्वयन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गरी आन्तरिक उत्पादन र रोजगारी बढाउन तर्फ ध्यान दिनु पर्दछ।

५.८ **वार्षिक खरिद योजना/गुरुयोजना** -सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३,६३,७३,१९८.७१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

५.९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८०।८०१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२११७२०० | २३१८९१९१.१३ | ४.५७ |
| २ | पूर्वाधार विकास | १५९५६५०५० | ११०८२२०८४.५ | २१.८६ |
| ३ | सामाजिक विकास | २५८१०३५०० | २३४७८६७२४.९३ | ४६.३२ |
| ४ | सुशासनर अन्तरसम्बन्धित क्षेत्र | ८८५९३२४ | ६५५८९८७,५१ | १.२९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १५२३०८९३६ | १३१६०८९००.४२ | २५.९६ |
| **जम्मा** | | ६१०९५४००० | ५०६९६५८८८.४९ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२.२४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १.४५ प्रतिशत रहेको छ।

५.१० **खर्च बिश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.२,०९,८१,९६३.१४ राजस्व बाँडफाँड र अनुदानबाट रु.४९,४५,७८,१५०.१९ समेत रु.५१,५५,६०,११३.३३ आम्दानी भएकोमा चालु तर्फ रु.३७,०५,९२,६८९.७८ र पूँजिगत तर्फ रु.१३,६३,७३,१९८.७१ समेत रु.५०,६९,६५,८८८.४९ खर्च भएको छ। खर्च मध्ये आन्तिरक आयको हिस्सा ४.१४ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. ७४,६८,६११.२५ खर्च भएको छ जुन आन्तरिक आयको ३५.६० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.१० प्रतिशत चालु र २६.९० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च

गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५.११ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३६३७३१९८.७१ | ४१३०००० | ८३६४१३६.३८ | ४६६९५७४८.६९ | ७७१८३३१३.६४ | ३०७१४२५४.३६ |
| प्रतिशत | १०० | ३.०३ | ६.१३ | ३४.२४ | ५६.६० | २२.५२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३६३७३१९८.७१ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४१३०००० अर्थात ३.०३ प्रतिशत, दोस्रो त्रैमासिकमा रु.८३६४१३६.३८ अर्थात ६.१३ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.४६६९५७४८.६९ अर्थात ३४.२४ प्रतिशत र चौथो त्रैमासिकमा रु.७७१८३३१३.६४ अर्थात ५६.६० प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.३०७१४२५४.३६ अर्थात २२.५२ प्रतिशत खर्च देखिनुले आषाढम आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५.१२ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम ८२ कार्यक्रम घटाई १०० कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.२८१९९६८२ रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ।

| क्र.स. | स्वीकृत आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. |
|---|---|---|---|---|
| १ | सवारी साधन तथा मेसिनरी औजार भाडा र पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १२००००० | गाउँपालिका स्तरीय १५ सैया अस्पतालको DPR निर्माण | १२००००० |
| २ | जानकी ५- अमौरीदेखि थापापुर जोड्ने सडक | १७०५८२६ | ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन तथा बिक्रि कार्यको लागि कर्णाली नदीको बहाव | १५००००० |
| ३ | दुर्गौली टोल नं. ५ बच्चु चौधरीको घरदेखी प्रदेशी चौधरीको घरसम्म पानी पिच | ४००००० | वडा नं. १ अन्तर्गतका विभिन्न स्थानमा ह्युमपाइप जडान | ४००००० |
| ४ | धर्मपुर मरुवा देवघर निर्माण | २८०००० | बिजपुरुवा धर्मापुरमा ग्राभेल कार्य | २८०००० |

पालिकाले यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

५.१३

**गत वर्षको भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ। यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नु पर्ने हुन्छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.५४६४९३५६.११ संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू.१५०००००० बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ। त्यसै गरी आ.व. २०८०/८१ मा संचित कोष रु.४५२१६२१४.१३मौज्दात रहेकोमा आ.व. २०८१/८२ को लागि भुक्तानी दिनको बाँकी जिम्मेवारी सारेको छैन। यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा पर्याप्त रकम हुँदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्धान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। विशेष परिस्थितिले खर्च हुन गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार विल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई बजेटमा व्यवस्था गर्नु पर्दछ।

५.१४ **ठेक्का व्यवस्था** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा २४.६ देखि ५१.७४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र.सं. | ठेक्कानं. | योजनाकोविवरण | बोलपत्रदाता | लागतअनुमान | सम्झौतारकम | घटी % |
|---|---|---|---|---|---|---|
| १ | NCB/JRM/W/ 02/2078/079 | ऐश्वर्यप्रा.वि. भवन निर्माण-८ | Bist Construction Lamki Chuha-kailali | 10474480.84 | 4927975.41 | 48.03 |
| २ | NCB/JRM/W/ 01/2078/079 | राष्ट्रियमा.वि. भवन निर्माण-५ | Bist Construction Lamki Chuha-kailali | 10474480.84 | 4948872.38 | 49.32 |
| ३ | NCB/JRM/W /06/2079/080 | अमौराजादुपुर सडक स्तरोन्नती | Anurodh Construction Tikapur-Kailali | 7999074.313 | 5922160.94 | 24.58 |
| ४ | NCB/JRM/W/ 24/2078/079 | उच्चगोलौरी हुँदै खल्ला गोलौरी देखि शंकरपुर ७ र ४ जोड्ने सडक स्तरोन्नती | J & P Brothers Builders Janaki-7,Kailali | 3999994.327 | 2062380.21 | 48.23 |
| ५ | NCB/JRM/W /19/2077/078 | खैरीपुरदेखि भोक्सीसम्म सडक कालोपत्रे निर्माण | Rasun Nirman Sewa Tikapur-Kailali | 3997906.247 | 2080275.78 | 47.94 |
| ६ | 04/2075/076/ W/NCB/JRM | गोलौरीकालोपत्रे सडक देखी टिकापुर- ३ र सहिदगेट- दुर्गौली चोक सडक कालोपत्रे | Ms Construction Naubasta-Banke | 4998929.735 | 3247286.65 | 34.23 |
| ७ | NCB/JRM/W /11/2077/078 | चिलिमचौराहा देखि दुर्गौली सडक कालोपत्रे | Ms Construction Naubasta-Banke | 5499822.592 | 3075867.68 | 43.62 |
| ८ | 01/JRM/1S2E/ W/2078/079 | जनतानमुना देखि वडा नं. २ अमौरी सडक कालोपत्रे | Sivako Prasansa J.B | 52599751.03 | 27992562.33 | 45.99 |
| ९ | NCB/JRM/W/ 10/2078/079 | जनतानमुना देखी जानकी १ सडक स्तरोन्नती | J & P Brothers Builders Janaki-7,Kailali | 5596057.693 | 2691592.47 | 51.74 |
| १० | 01/JRM/1S2E/ W/2079/080 | पहाडीपुरफारलाइन सडक स्तरोन्नती | Nirajan Bhandari Brothers | 35999968.12 | 26598718.13 | 24.6 |
| ११ | NCB/JRM/W /23/2078/079 | श्रीराष्ट्रिय आधारभुत विद्यालय पिपल चौतारा चोक देखि वडा कार्यालय सडकस्तरोन्नती | Sibhu Nirman Sewa Janaki-Kailali | 2490438.392 | 1320518.32 | 46.79 |
| १२ | NCB/JRM/W/ 09/2078/079 | हिम्मतपुरदेखि दुर्गौली सडक स्तरोन्नती | N K P Construction Bajhang | 4999817.421 | 2651035.64 | 46.5 |
| १३ | NCB/JRM/W /02/2080/081 | कन्चनपुरदुर्गौली सडक कालोपत्रे | Better Life Construction Tikapur-kailali | 3997891.219 | 2467635.5 | 36.64 |
| १४ | NCB/JRM/ W/03/2080 /081 | पिपलचौतारा देखि जमरा टोल हुँदै तीन डुँड सुवर्णपुर सम्म सडक कालोपत्रे | Balan Builders Bardiya | 2993699.349 | 1860709.68 | 36.18 |
| १५ | NCB/JRM/W/ 04/2080/081 | नयाँलायकपुर - जगतपुर - मुर्तिया- कटासेहाइड्रो पावर हुँदै पूर्वपश्चिमराज मार्ग जोड्ने सडक कालो पत्रे | JKEA-S.B.D. /JV ,Sanepa-2, Lalitpur, | 15999431.1 | 9579706.59 | 39.32 |
| १६ | NCB/JRM/W/ 01/2080/081 | जानकी-५, अमौरी देखि थापापुर जोड्ने सडक कालोपत्रे | Jaya Bhawani Construction Pvt.Ltd ,Ghodaghodi-1 | 7995232.7 | 4588347.64 | 41.83 |
| १७ | NCB/JRM/W/ 07/2080/081 | स्वास्थ्यचौकी भवन तथा पर्खाल निर्माण | Prem Nirman Sewa Kalikot | 5995528.37 | 3630936.79 | 37.83 |
| १८ | NCB/JRM/W/ 06/2080/081 | जादुपुर चोक देखि बढरिया सम्म पक्की ढल निकास | Subha Group Kal Bhairab Construction Pvt.Ltd | 2995917.652 | 1779010.09 | 39.04 |
| १९ | NCB/JRM/W /05/2080/081 | बक्लौवा पक्की ढल निकास | Jaya Bhawani Construction Pvt.Ltd | 3977175.29 | 2369474.59 | 38.83 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ,Ghodaghodi-1 | | | |
| २० | NCB/JRM/W/ 08/2080/081 | स्वास्थ्य शाखाको भवन मातला थप | Raj Nirman Sewa | 2272919.707 | 1522940.07 | 31.85 |

५.१५ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५.१६ **परामर्श तथा डीपीआर खर्च**- बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

| **कामको विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको योजनाको लागत परिणाम** | **कैफियत** |
|---|---|---|---|---|---|
| कर्णाली नदी प्रारम्भिक वातावरणीय परिक्षण ( IEE ) समिक्षा तथा प्रमाणिकरण तयार | P. G. Engineering Consultancy Pvt. Ltd., Shankhamul, Kathmandu. | 245775 | 234030 | 249626.09 | कार्यान्वयन भएका |
| जानकी गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण | Bhugol Engineering Consultant Pvt. Ltd., Kathmandu. | 1480000 | 1480000 | 1493577.5 | कार्यान्वयन भएका |
| जम्मा | | 1725775 | 1714030 | 1743204 | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। साथै परामर्श सेवा खरिद गर्दा पालना गर्नुपर्ने खरिद नियमावलीको पूर्ण रुपमा पालना गरेको देखिएन। डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। अत: डी.पी.आर. तथा परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीमा भएको परामर्श सेवा खरिद प्रक्रियाको पूर्ण पालना हुनुपर्दछ साथै सो को आवश्यकता र औचित्यता पुष्टि हुने आधार संलग्न गरी लागत अनुमानलाई यथार्थपरक बनाउनुपर्दछ।

५.१७ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका सुझाबहरुलाई पूर्णरुपमा कार्यान्वयन गरेको देखिएन। अत: आर्थिक कारोबारको सम्बन्धमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएको सुझाव तथा कैफियत सुधार गरी पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

५.१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा

श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

५.१९ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३२ वटा ऐन, ३ वटा नियमावली, ३४ वटा कार्यविधि, ३ निर्देशिका, ३ मापदण्ड, २ आचारसंहित र १ नीति लगायत ७८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ ।यसरी तर्जुमा भएका सबै कानुनको कार्यान्वयन प्रभावकारी रुपमा भएको देखिएन। तसर्थ उक्त कार्यान्वियनमा पालिकाले ध्यान दिनुपर्दछ।

५.२० **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १८ मुद्दा रहेको पाइयो। यस वर्ष २४ मुद्दा दर्ता भएकोमा ३४ फर्स्यौट भई ८ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

५.२१ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला ३ वटाले गरेको, ४९ वटा आवद्ध भएका र बाँकी ११ वटा आवद्ध नभई निष्क्रिय अवस्थामा रहेका छन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

५.२२ **आर्थिक सहायता**- पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। जानकी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०८१ (रु.१००० देखि १५००० सम्म दिने व्यवस्था छ) तयार गरी विभिन्न व्यक्तिहरुलाई रु.५,५९,३०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२,०९,८१,९६३.१४ को २.६६ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड भन्दा बढी आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ। यसका केही उदाहरण निम्नानुसार रहेको छ ।

| गोभौ र मिति | सहायता प्राप्त गर्ने व्यक्ति | रकम | कैफियत |
|---|---|---|---|
| ३८१।२०८०।०९।१२ | तुलाराम डगौरा (मोटरसाइकल दुर्घटना) | १००००० | |
| ४९१।२०८०।१०।१५ | मृतक रमण बमको बुवा श्री टेक बहादुर बम | २५००० | |
| १०३८।२०८१।०२।०९ | शर्मिला चौधरी (निजको पतिको मृत्युको काजक्रिया) | २०००० | |
| १२५२।२०८१।०३।१४ | बिष्णुप्रसाद डगौरा (निजको श्रीमती र बुहारी चट्याङबाट घाइते भइ उपचारको लागि) | १०००० | |
| १५६५।२०८१।०३।२४ | गौरादेवी कठरिया (उपचार खर्च) | ५००० | ट्र्याक्टर दुर्घटनामा खुट्टा छिनिएको |

५.२३ **विविध तथा सभा संञ्चालन खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष सबै वडामा विविध तर्फ रु.५,३६,०००, पालिकाको विविधतर्फ (खाना खाजा लगायत) रु.१३,७३,२४२ खर्च गरेको र सभा सञ्चालनतर्फ रु.६,६९,३६५ समेत गरी जम्मा रु.२५,७८,६०७ छ। उक्त खर्च पालिकाको आन्तरिक आयरु.२,०९,८१,९६३.१४ को १२.२९ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ।

५.२४ **अतिथि सत्कार खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रु.२,६१,००० खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२,०९,८१,९६३.१४ को १.२४ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ।

५.२५ **प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ९१ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.अ.हे.व,सि.अ.न.मि. लगायत सहित ८ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५.२६ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा, गठन, सञ्चालन, व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। यस पालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका, २०७७ अनुसार मासिक तलब स्केलको १० प्रतिशतका दरले रु.३३,६२,९९५ प्रोत्साहन भत्ता खर्च गरेको छ। जुन पालिकाको आन्तरिक आय रु.२,०९,८१,९६३.१४ को १६.०३ प्रतिशत हुन आउन्छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी खर्च लेख्नुपर्दछ।

५.२७

**करार कर्मचारी व्यवस्था**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित पदहरुमा दरबन्दी बाहेकसहायक पाँचौ प्रशासन ३ जना, सहायक चौथो प्रशासन ४, सहायक पाँचौ कानून १ जना, पशु प्राविधिक सहायक चौथो तह २ जना, कृषि प्राविधिक सहायक चौथो ३ जना, अमिन १ जना, कम्प्युटर अपरेटर २ जना, अनमि ७ जना, ल्याव अशिष्टेण्ट ४ जना, पव्लिक हेल्थ नर्स १ जना, इलेक्ट्रिसियन १जना र सामाजिक परिचालक २ जना समेत गरी ३१ जना कर्मचारीहरु करारमा नियुक्त गरी रु.१,३६,८८,३२६ तलब भत्ता भुक्तानी भएको छ। (यसमा प्रशासन तर्फ सहायक पाँचौ ३ जना र सहायक चौथो पदमा ४ जना करारमा नियुक्ति गरी रु.३१,३५,३७४ तलव भत्ता वापत निकासा गरेको पाइयो) यसरी दरबन्दी बाहिर पालिकाले कर्मचारी नियुक्ति गरी जम्मा तलव भत्ता रू. १,३६,८८,३२६ भुक्तानी गरेको पाइयो। पालिकाले ऐनमा विपरित करार कर्मचारी नियुक्ति गरी तलब भत्ता भुक्तानी गर्नु नियमसम्मत देखिएन। यस्तो भुक्तानीमा नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५.२८ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। गत वर्षको अल्या भइ आएको रु.२२,०७,१९९.८० कर्मचारी कल्याणकारी कोषमा रहेको छ। यस वर्ष कर्मचारी कल्याण कोषको लागि बजेट व्यवस्था गरेको छैन । साथै, उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। पालिकाले कर्मचारीको समेत योगदान रहने गरी कानून बमोजिम कर्मचारी कल्याण कोषको व्यवस्थापन गर्नुपर्दछ।

५.२९ **तलवी प्रतिवेदन**-निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४८ जना कर्मचारीको रु.३,२९,९४,३२४ र पालिकाका ३८ जना कर्मचारीको रु.१,८३,०१,९५६ समेत रु.५,१२,९६,२८० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

५.३० **पदाधिकारी सुविधा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.७४,६८,६११.२५ खर्च गरेकोमा पालिकाको आन्तरिक आय रु. २,०९,८१,९६३.१४ रहेको छ। आन्तरिक आयको ३५.६० प्रतिशत खर्च पदाधिकारी सुविधामा भएको देखिएको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

५.३१ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रु.१३,८६,४०० र कर्मचारीको बैठक भत्ता रु.६,५६,१०० गरी जम्मा रु.२०,४२,५०० खर्च गरेको छ। जुन आन्तरिक आय रु. २,०९,८१,९६३.१४ को ९.७३ प्रतिशत हुन आउँछ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

५.३२ **वडाको बिबिध खर्च**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट

खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शिर्षकबाट वडालाई रू.१,२७,९१८ भुक्तानी गरेको छ। विविध खर्च वडा कार्यालयहरुको खाना नास्ता, खाद्य समाग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

| सि.नं. | वडानं. | खर्च रकम |
|---|---|---|
| १ | १ | ७०००० |
| २ | २ | ६३००० |
| ३ | ३ | ५०००० |
| ४ | ४ | ५५००० |
| ५ | ५ | ५५००० |
| ६ | ६ | ६०००० |
| ७ | ७ | ६०००० |
| ८ | ८ | ५५००० |
| ९ | ९ | ६८००० |

५.३३ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

५.३४ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट** - स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनः स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ७३.५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

५.३५ **सफ्टवेयर खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को व्यवस्था बमोजिम कार्यालयले सफ्टवेयर सञ्चालन गर्नको लागि सूचना प्रविधि विभागबाट पूर्व सहमति लिनु पर्ने तथा सोको व्याकअप प्लान बनाउन र लागु गर्नु पर्ने व्यवस्था छ। साथै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। पालिकाले देहाय बमोजिम रू.१४८५६५० बराबरको सफ्टवयर खरिद गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। साथै सफ्टवयर खरिद गरेको तथा नविकरण बापत शुल्क भुक्तानी गरेकोमा सूचना प्रविधि विभागबाट मानक अनुरुप भए नभएको स्वीकृत गराएको देखिएन। जसबाट खरिद गरिएका सूचना प्रविधि प्रणाली

(Software)हरु अथेन्टिक रहेको र सरकारी तथ्यांकलाई सुरक्षित गर्ने खालको हुन होइन तथा वास्तविक कार्यालयलाई आवश्यक सफ्टवयर हुन भन्ने सम्बन्धमा एकिन हुन सकिदैंन। यसर्थ, पालिकाले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण तथा खरिद गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराई तथ्याङ्क सुरक्षा तथा गोपनीयता (Data Security and Privacy)लाई समेत ध्यान दिई निर्माण तथा खरिद गर्नुपर्दछ।

| क्र.स. | सफ्टवेयरको नाम | खरिद मिति | कम्पनी | खरिद मुल्य | खरिद आ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Pay Roll | २०७७/०८/१७ | गभर्नेन्स अटोमेसन सोलुसन प्रा.लि. | ३५०००० | २०७७/०७८ | संचालनमा नरहेको |
| २. | राजश्व व्यवस्थापन प्रणाली | २०७७/०७/२८ | स्पाइरल टेक्नोलोजिज प्रा.लि. | ४८८७२५ | २०७७/०७८ | संचालनमा नरहेको |
| ३. | अपांगता परिचयपत्र व्यवस्थापन प्रणाली | २०७७/०५/१८ | Malika Incorporate Pvt. Ltd | ४९७२०० | २०७७/०७८ | संचालनमा नरहेको |
| ४. | व्यवसायदर्ता-सुचिकृत प्रणाली | २०७७/१२/१३ | Mphasis Tech Foundation Pvt.Ltd. | १४९७२५ | २०७७/०७८ | संचालनमा नरहेको |
| जम्मा | | | | १४८५६५० | | |

५.३६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिकाको सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था निम्न अनुसार रहेको छ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| पावर व्याकअप सिस्टम(लाखभन्दा बढी) | २०७५।०३।२९ | ३ | २७२३३६.९७ | विग्रिएका |
| डिजटल नोटिस वोर्ड | २०७५।०३।२९ | १ | २८७६१० | विग्रिएको |

पालिकाले यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था गर्नु पर्दछ।

५.३७ **प्राविधिक बिल र कार्य सम्पन्न** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

५.३८ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने**,** नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको

खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

५.३९ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस आ.व. मा १ पटक मात्र सार्वजनिक सुनुवाई भएको देखियो। यसमा रु.४३,६०४ खर्च भएको छ । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

५.४० **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

५.४१ **अनुगमन** - सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को क्रमस बुँदा नं. १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको कार्यान्वियन हुनुपर्दछ

| क्र स | स्रोत | सम्पन्न योजनाहरु | बजेट खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय विशेष | स्थास्थ्य चौकी भवन तथा पर्खाल निर्माण | ३२८४८८७ | |
| २ | संघीय समपूरक | नयाँ लायकपुर-जगतपुर-मुर्तिया-कटासे हाइड्रोपावर हुँदै पूर्व पश्चिम राजमार्ग जोड्ने सडक कालोपत्रे | ६२६६११४ | |
| | | पहाडीपुर फारलाइन स्तरोन्नती | २५०१०४०२ | |
| ३ | प्रदेश विशेष | जादूपुर चोक देखी बढरियासम्म पक्की ढल निकास | १७६९२४८ | |
| | | कक्लौवा पक्की ढल निकास | २३४७४०७ | |
| ४ | प्रदेश समपूरक | जानकी, ५ अमौरी देखी थापापुर जोड्ने सडक कालोपत्रे | ४५३०८५२ | |

५.४२ **मध्यमकालीन खर्च संरचना** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तिनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८०।८१ को बजेट तर्जुमाको बखत मध्यमकालिन खर्च संरचना तयार गरेको छैन। मध्यमकालिन खर्च संरचनामा तयार नगर्दा आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता देखिदैन।पालिकाले आवधिक योजना र बार्षिक बजेटबिच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचाना तयार गरी कार्यान्वियन गर्नु पर्दछ।

५.४३ **कन्टिन्जेन्सी खर्च**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयारगर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो बर्ष पालिकाले सञ्चालित आयोजनाबाट कन्टिन्जेन्सी खर्च रु.४,८२,९७७ गरेकोमा सोको स्पष्ट खर्च देखिने गरी व्यवस्थित अभिलेख राखेको छैन। महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै: गाडी/मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता र चियाखाजा खर्च जस्ता कार्यमा गरेको खर्च समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। पालिकाले कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजनाअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टी गर्नु पर्दछ।

५.४४ **इन्धन तथा मर्मत खर्च** - अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन (१ व्याक हो लोडर, २ टिप्पर, २ जीप, १ एम्बुलेन्स र ३२ मोटरसाइकल लगायत) मर्मतमा यस वर्ष रु.४६,६२,६६५ र इन्धनमा कार्यालय प्रयोजनमा रू.१३,८५,२०८ र कर्मचारीको लागि रु.२०,४०,३२५ पदाधिकरीको लागि रू.७,८४,५२४ र एम्बुलेन्समा रु.७,३६,०५२, सार्वजनिक निर्माणमा रु.१०,७८,७४४ गरी रू.६०,२४,८५३, इन्धनमा खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

५.४५ **उपभोक्ता समिति मार्फत कार्य** - सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउने उल्लेख छ।पालिकाले सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन। यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

५.४६ **अधुरा आयोजना**– आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने व्यवस्था छ। ठेक्कानं.NCB/JRM/W/07/077/78 Upgrading of Janaki 3, 6, 8 to 9 Road chainage 2+020 – 3+080 कार्यको लागि पालिका र रेखा निर्माण सेवा बिच रु.७८४०१३२.४० मा मिति २०७८।०३।१० भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा कोभिड १९ लगायत विविध कारणले पटक पटक गरी सम्झौताको म्याद मिति २०८० चैत्र मसान्त सम्म थप भएकोमा २०८१ असार २३ मा निर्माण कार्यको कार्य सम्पन्न भई अन्तिम विल भुक्तानीको लागि निर्माण व्यावसायीले पालिकामा निवेदन दिएकोमा पालिकाबाट निर्माण कार्यको नाँप जाँच गर्दा केही कामको तोकिएबमोजिमको

प्राविधिक गुणस्तर अनुसार नभएकोले अन्तिम विल भुक्तानी गर्न नसकिएको देखिन्छ। निर्धारित समय सिमा भित्र कार्यसम्पन्न नगरेको तथा लेखापरीक्षणको अवधि सम्म ठेक्का सम्झौताको म्याद समेत थप नभएको भनि आर्थिक वर्ष २०७९/८० को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समेत रु.३५२८०५.९३ पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी सम्झौताको कार्यान्वयन गर्नुपर्ने बेरुजु औंल्याएको देखिन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार निर्माण कार्यको भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति ५८.८७ प्रतिशत रहेको देखिन्छ। अत: पालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेको कारण सम्झौता रकमको कुल दश प्रतिशतमा नबढ्ने गरी पुर्व निर्धारित क्षतिपुर्ति लिई बाँकी कार्य सम्पन्न गर्न लगाई कार्यसम्पादन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,२४,६६१ |

## ६ विपद व्यवस्थापन

६.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

६.२ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

६.३ **प्रकोप व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु.१८,५४,२८६.८० र यो वर्ष आम्दानी नभएकोमा कोषबाट यो बर्षमा रु.१,४४,१०० खर्च भई रु.१७,१०,१८६.८० बाँकी रहेको देखीयो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

६.४ **बार्षिक प्रतिबेदन** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

## ७ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ६ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध भएन । यस वर्षको सेवा प्रवाहको स्थिति निम्नानुसार छ

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | २ |
| | पञ्जिकरणतर्फ | |
| २ | जन्मदर्ता | ४३१ |
| ३ | मृत्युदर्ता | २९० |
| ४ | बसाईसराई दर्ता | २१८ |
| ५ | विवाह दर्ता | २१० |
| ६ | सम्बन्धविच्छेद दर्ता | ९ |

पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

८ **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारीलाई भ्रमण खर्च स्वरुप रू.१७,६८,४६४ र पदाधिकारी भ्रमण खर्च रू.६,४२,४४६ गरी जम्मा रू.२४,१०,९१० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन व्यवस्थित रुपमा राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

९ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू.४३,४६,३९९ को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

१० **घरभाडा खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ रू.८,३०,५२० खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनको अतिरिक्त विभिन्न अन्य भवनहरु पनि भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

११ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा,गठन, सञ्चालन, व्यवस्थापनसेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेदफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठनसञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। यस पालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका, २०७७ अनुसार मासिक शुरु तलब स्केलको १० प्रतिशतका दरले रु. ३३,६२,९९५ प्रोत्साहन भत्ता खर्च गरेको छ। यसमा पालिका चालु शिर्षकबाट भुक्तानी हुनुपर्नेमा रु. १२,४८,६५५.६० संघ सशर्तबाट भुक्तानी भएकोमा संघ सशर्तमा शोधभर्ना हुनपर्ने रु. १२,४८,६५५.६० शोधभर्ना गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४८,६५५.६ |

१२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौटगर्नुपर्ने व्यवस्था छ। पालिकालेगत वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फर्स्यौट नभएकोले नियमानुसार पेश्की फर्स्यौट हुनुपर्दछ।

| **क्र.सं.** | **गो.भौ.न. मिति** | **पेश्की प्राप्त गर्नेको नाम** | **म्याद नाघेको पेश्की** | | **म्याद ननाघेको पेश्की** | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| | | | **यस आव** | **गत आव** | **यस आव** | **गत आव** | |
| १ | २५(२०८०।०५।१२) | सहायक पाँचौ इश्वर भट्टराई | ० | ५०००० | ० | ० | ५०००० |
| २ | २५(२०८०।०५।१२) | खरिदार देवेन्द्र कुमार चौधरी | ० | २५००० | ० | ० | २५००० |
| | २५(२०८०।०५।१२) | सहायक चौथो मेवालाल चौधरी(डगौरा) | ० | १३०००० | ० | ० | १३०००० |
| | २५(२०८०।०५।१२) | हरि बहादुर विष्ट | ० | २३१००० | ० | ० | २३१००० |
| | २५(२०८०।०५।१२) | अधिकृत हिरालाल चौधरी | ० | ३०१०० | ० | ० | ३०१०० |
| | १(२०८०।०५।१२) | बि.बि.एस. कन्स्ट्रक्सन कम्पनी | ० | ४००००० | ० | ० | ४००००० |
| | १(२०८०।०५।१२) | पहुँच विहिनहरुका लागि सामाजिक उत्थान केन्द्र (एक्सेल नेपाल) | ० | २००००० | ० | ० | २००००० |
| | २५(२०८०।०५।१२) | कैलाली नेत्रहिन संघ | ० | ४०००० | ० | ० | ४०००० |
| | २५(२०८०।०५।१२) | टेक बहादुर हमाल | ० | ४५०००० | ० | ० | ४५०००० |
| जम्मा | | | | १५५६१०० | | | १५५६१०० |

१३ **सोधभर्ना लिन बाँकी**

समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ को दफा ६ मा समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनामा कुल लागतको अधिकतम ५० प्रतिशत सम्म नेपाल सरकारले अनुदान उपलब्ध गराउने व्यवस्था छ। संघीय समपूरक अनुदानबाट सञ्चालित नयाँ लायकपुर-जगतपुर-मुर्तिया-कटासे हाइड्रोपावर हुँदै पूर्व पश्चिम राजमार्ग जोड्ने सडक कालोपत्रे कार्यको लागि जेकेईए- एस.बि. डि. जे.भि. सँग रु.९५७९७०६.०० (मुअ कर सहित) मिति २०८१।२।३१ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा हालमसम्म दुई वटा रनिङ्ग विलबाट रु.६२६६११४.०० भुक्तानी भएको देखिन्छ। भुक्तानी मध्ये पालिकाबाट रु.४०६५०५८.०० र संघीय समपूरक अनुदानबाट रु.२२०१०५६.०० भुक्तानी भएको छ। यसरी कुल भुक्तानी रु.६२६६११४.०० को ५० प्रतिशत रु.३१३३०५७.०० संघीय समपूरक अनुदानबाट व्यहोर्नुपर्नेमा घटी व्यहोरिएको रकम संघीय स्रोतबाट सोधभर्ना लिनुपर्ने रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | ९,३२,००१ |

१४ **जनप्रतिनिधिलाई पोशाक वितरण**

पालिकाको पदाधिकारी तथा सदस्यहरुलाई सुदूरपश्चिम प्रदेशको लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधयेकको दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१(ख) बमोजिम बाहेकको सुविधा उपलब्ध गराउने व्यवस्था छैन। पालिकाले ३९ थान जरावर (पोशाक) खरिद गरी गो.भौ.नं. १४८४(२०८०।०३।२०) बाट जी.पी. ट्रेड सेन्टरलाई रू.३७१९८४।०० भुक्तानी दिएको देखिन्छ। खरिद गरिएका पोशाक मध्ये देहाय बमोजिम २१ जोर पुरुष जनप्रतिनिधिलाई र १८ थान महिला जनप्रतिनिधिलाई वितरण गरेको देखिन्छ। यसरी ऐनमा उल्लेख नभएको सुविधा वापत जनप्रतिनिधिलाई पोशाक वितरण गर्ने कार्य नियम सम्मत नदेखिएको रू.

| सि.नं. | जनप्रतिनिधिको नाम | पद | रकम रू. |
|---|---|---|---|
| १ | हिरालाल चौधरी | अध्यक्ष | ९५३८.०५ |
| २ | लालमती देवी कठरिया | उपाध्यक्ष | ९५३८.०५ |
| ३ | चक्र बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. २ | ९५३८.०५ |
| ४ | सुरेश कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ३ | ९५३८.०५ |
| ५ | दिपेन्द्र कुमार कठरीया | वडा अध्यक्ष वडा नं. ४ | ९५३८.०५ |
| ६ | भिम बहादुर चौधरी | वडा अध्यक्ष वडा नं. ५ | ९५३८.०५ |
| ७ | इन्द्र चौधरी | वडा अध्यक्ष वडा नं. ६ | ९५३८.०५ |
| ८ | कमल महतो | वडा अध्यक्ष वडा नं. ७ | ९५३८.०५ |
| ९ | लक्ष्मी चौधरी | कार्यपालिका सदस्य | ९५३८.०५ |
| १० | पार्वती देवी डगौरा थारु | कार्यपालिका सदस्य | ९५३८.०५ |
| ११ | पवित्रा विश्वकर्मा | कार्यपालिका सदस्य | ९५३८.०५ |
| १२ | इन्द्रा सोप वि.क. | कार्यपालिका सदस्य | ९५३८.०५ |
| १३ | राधा भूल | कार्यपालिका सदस्य | ९५३८.०५ |
| १४ | नर बहदुर कुमाल | कार्यपालिका सदस्य | ९५३८.०५ |
| १५ | राजाराम थारु | १ नं. वडा सदस्य | ९५३८.०५ |
| १६ | अनिता चौधरी | १ नं. वडा सदस्य | ९५३८.०५ |
| १७ | राधा दमाई | १ नं. वडा सदस्य | ९५३८.०५ |
| १८ | चित्रा कुमारी कठरिया | २ नं. वडा सदस्य | ९५३८.०५ |
| १९ | शान्ति देवी कामी | २ नं. वडा सदस्य | ९५३८.०५ |
| २० | योगेन्द्र बम | २ नं. वडा सदस्य | ९५३८.०५ |
| २१ | मदन प्रसाद चौलागाई | २ नं. वडा सदस्य | ९५३८.०५ |
| २२ | पुष्पा चौधरी | ३ नं. वडा सदस्य | ९५३८.०५ |
| २३ | राज कुमार डगौरा थारु | ३ नं. वडा सदस्य | ९५३८.०५ |
| २४ | हिरालाल चौधरी | ३ नं. वडा सदस्य | ९५३८.०५ |
| २५ | सुशिल कठरिया | ४ नं. वडा सदस्य | ९५३८.०५ |
| २६ | निर्मला दमाइ | ४ नं. वडा सदस्य | ९५३८.०५ |
| २७ | मोहन कुमार डगौरा थारु | ४ नं. वडा सदस्य | ९५३८.०५ |
| २८ | निर्मला भुल | ५ नं. वडा सदस्य | ९५३८.०५ |
| २९ | केशन्ती देवी चौधरी | ५ नं. वडा सदस्य | ९५३८.०५ |
| ३० | जहन्जिरुवा डगौरा थारु | ५ नं. वडा सदस्य | ९५३८.०५ |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | खगेन्द्र बहादुर विश्वकर्मा | ६ नं. वडा सदस्य | ९५३८.०५ |
| ३२ | पन्छिराम थारु | ६ नं. वडा सदस्य | ९५३८.०५ |
| ३३ | दुर्गा देवी भुल | ६ नं. वडा सदस्य | ९५३८.०५ |
| ३४ | रेनुका चौधरी | ६ नं. वडा सदस्य | ९५३८.०५ |
| ३५ | कृष्णा कुमारी चौधरी | ७ नं. वडा सदस्य | ९५३८.०५ |
| ३६ | बलिराम थारु | ७ नं. वडा सदस्य | ९५३८.०५ |
| ३७ | धनीराम चौधरी | ७ नं. वडा सदस्य | ९५३८.०५ |
| ३८ | मकुलाल डगौरा थारु | ८ नं. वडा सदस्य | ९५३८.०५ |
| ३९ | निरु विश्वकर्मा सुनार | ९ नं. वडा सदस्य | ९५३८.०५ |
| जम्मा | | | ३७१९८४ |

| | |
|---|---|
| अनियमित भएको | ३,७१,९८४ |

## १५ जनप्रतिनिधिलाई साइकल वितरण

पालिकाको पदाधिकारी तथा सदस्यहरुलाई सुदूरपश्चिम प्रदेशको लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधयेकको दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१(क) बमोजिम बाहेकको सुविधा उपलब्ध गराउने व्यवस्था छैन। पालिकाले ३१ थान साइकल खरिद गरी गो.भौ.नं. ४२६(२०८०।०९।२५)बाट अर्पन साइकल स्टोरलाई रू. ३३२७८५।०० भुक्तानी दिएको देखिन्छ। खरिद गरिएका ३१ थान साइकल ९ वडाका वडा सदस्यलाई वितरण गरेको देखिन्छ। यसरी ऐनमा उल्लेख नभएको सुविधा वापत जनप्रतिनिधिलाई साइकल वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। साथै जनप्रतिनिधिलाई दिएको साइकलको विवरण अद्यावधिक गरी राख्नुपर्दछ।

## १६ प्रमाण पेश गर्नुपर्ने

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **११०,१७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **८७४,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## १७ तालिम सञ्चालन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा कुनै तालिम, सेमिनार कार्याशाला, गोष्ठी जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ। यसैगरी सोही नियमावलीको नियम ३९(८) मा स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम, सेमिनार, गोष्ठी सम्पन्न भैसके पश्चात त्यस्तो कार्यक्रममा भएको खर्च, खरिद गरिएका मालसामानको विवरण तथा बिल, भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रममा लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस्तै अर्थमन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौं संस्करण) को बुँदा नं. ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्च सम्बन्धी व्यवस्था गरिएको छ।

नमुना परीक्षणको क्रममा पालिकाले यस वर्ष २७८ जना सहभागी गराइ देहाय बमोजिमको तालिम सञ्चालन गरी रू. २४२८४०९।०० खर्च गरेको देखिन्छ।

| गो.भौ.नं. | तालिमको नाम | सहभागी संख्या | तालिम अवधि | खर्च रकम रू. |
|---|---|---|---|---|
| १०३(२०८०।०७।०१) | सिलाइकटाई तालिम (वडा नं.३) | २५ | ९० दिने | १८४२५५ |
| ५४९(२०८०।११।०१) | कृषकहरुलाई बेमौसमी खेती सम्बन्धी तालिम(वडा नं.१) | २५ | १ दिने | ४५६२२ |
| ५५०(२०८०।११।०२) | बेकरी सम्बन्धी तालिम (वडा नं.५) | १० | १० दिने | १०७५०० |
| ६२६(२०८०११।१८) | पशुपालक कृषकहरुलाई बाख्रापालन सम्बन्धी तालिम (वडा नं.१) | ६० | २ दिने | ९०००० |
| ६८९(२०८०।१२।०६) | अपाङ्गता भएकाहरुलाई पैरवी तथा क्षमता विकास तालिम (वडा नं.८) | ५२ | १ दिने | ३९१२८ |
| ७७४(२०८१।०१।०२) | बडघर भलमन्सा नेतृत्व विकास तालिम (वडा नं.५) | २९ | २ दिने | ४०२८९ |
| ७९४(२०८०।०१।०९) | विपद व्यवस्थापन सम्बन्धी युवाहरुलाई तालिम (वडा नं.१) | २४ | २ दिने | ९९७५० |
| ८२१(२०८१।०१।१०) | सीप विकास तालिम(गुडिया बनाउने) | १५ | १२ दिने | ९८००० |
| ८३१(२०८१।०१।१०) | विपद व्यवस्थापन सम्बन्धी तालिम(वडा नं.६) | २० | ३ दिने | ७१००० |
| ८६८(२०८१।०१।१८) | कृषकहरुलाई कृषि सम्बन्धी तालिम | ३० | २ दिने | ८८००० |
| ८९०(२०८१।०१।२३) | सिलाइकटाई सम्बन्धी तालिम (वडा नं.९) | १५ | ९० दिने | १४८००० |
| १०८२(२०८०।०२।२०) | सिलाइकटाई सम्बन्धी तालिम | ३० | ९० दिने | ११७२०० |
| ११०४(२०८१।०२।२०) | सिलाइ कटाइ तालिम(वडा नं.५) | २० | ९० दिने | १९७००० |
| ११०८(२०८१।०२।२०) | दुनाटपरी बनाउने तालिम(वडा नं.५) | ३१ | २८ दिने | ११५००० |
| १११२(२०८१।०२।२३) | सिलाइकटाइ सम्बन्धी तालिम (वडा नं.४) | २२ | ९० दिने | १४८९९० |
| ११२२(२०८१।०२।२३) | हेयर कटिङ्ग तालिम (वडा नं.४) | २२ | ४५ दिने | १२८३१५ |
| ११३७(२०८१।०२।३०) | विपद व्यवस्थापन सम्बन्धी तालिम(वडा नं.९) | २४ | ३ दिने | ७०००० |
| ११४१(२०८१।०२।३१) | कम्प्यूटर सीप तालिम(वडा नं.४) | ४२ | ९० दिने | ८७६१० |
| १२७४(२०८१।०३।१६) | ड्राइभिङ्ग सिप तालिम(वडा नं.१) | ५ | १५ दिने | ९९००० |
| १५७०(२०८१।०३।२४) | सिलाइकटाइ सम्बन्धी तालिम(वडा नं.७) | १७ | ९० दिने | १७३००० |
| १५८२(२०८१।०३।२४) | कम्प्यूटर हार्डवयर सम्बन्धी तालिम (वडा नं.६) | ४१ | ७६ दिने | १४२००० |
| १५८६(२०८१।०३।२४) | कम्प्यूटर बेसिक कोर्स तालिम | ३० | ९० दिने | १३८७५० |
| जम्मा | | ५८९ | | २४२८४०९ |

पालिकाले उल्लिखित तालिम सञ्चालन गर्दा अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका पूर्ण पालना गरेको देखिएन। तालिम सञ्चालन गर्दा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गरेको देखिदैंन भने तालिममा सहभागी व्यक्तिको पूर्ण परिचय खुल्ने विवरण र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएको देखिएन। साथै तालिम पश्चात सहभागी प्रशिक्षार्थीहरुलाई प्रदान गरिएका तालिम पश्चातके कति प्रशिक्षार्थीहरुको जीवनमा सकरात्मक परिवर्तन आए नआएको तथा तालिमको प्रभावकारीताको सम्बन्धमा पालिकाले नियमित अनुगमन तथा फलोअप गरी उपलब्धी मापन गरेको देखिएन। जसबाट उल्लिखित तालिमहरु जनहितकारी तथा अधिकतम उपलब्धीमूलक भएको र सो मा भएको खर्चको अधिकतम सदुपयोग भएको तथा दीर्घकालीन लाभ हासिल गर्न सकिने गरी तालिम सञ्चालन भए नभएको सम्बन्धमा एकिन हुन सकिदैंन। अत: पालिकाले तालिम खर्च

गर्दा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा भएको व्यवस्थाको पूर्ण परिपालना गर्दै अनुगमनलाई प्रभावकारी बनाई तालिममा सहभागीहरुको जीवनस्तरमा सुधार आएको नआएको यकिन गरी तालिम खर्चलाई अधिकाधिक उपलब्धीमूलक गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

१८ **शीर्षक फरकपारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ र अर्थ मन्त्रालयको एकिकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको शीर्षकबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको खर्च सम्बन्धित शीर्षकबाट नलेखि फरक शीर्षकबाट खर्च लेखि विभिन्न मसलन्द तथा कार्यालय सामग्री खरिद गरेको छ। यसरी फरक शीर्षकबाट गरिएको खर्च नियमसम्मत नदेखिएको रू.

| **गो.भौ.नं./मिति** | **खर्च लेखेको शीर्षक** | **खर्च लेख्नुपर्ने शीर्षक** | **रकम रू.** |
|---|---|---|---|
| ९९८(२०८१।०२।०२) | सवारी साधन मर्मत खर्च | मसलन्द तथा कार्यालय सामग्री खरिद | ४९९४६५ |

| | |
|---|---|
| अनियमित भएको | ४,९९,४६५ |

१९ **जरिवाना (विद्युतमहशुल र बीमा तथा नविकरण)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि विद्युत मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि विद्युत महशुल र बीमा तथा नविकरण शुल्क भुक्तानी गरेकोले जरिवाना स्वरूप रू. ८८०१३।०० भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| सि.नं. | भौ.नं. र मिति | भुक्तानी रकम रू. | जरिवाना रू. |
|---|---|---|---|
| १ | २२१(२०८०।०७।२२) | ५३३२०० | ७२१७६ |
| २ | ४१३(२०८०।०९।२४) | १३५१३ | २४२४ |
| ३ | ४२२(२०८०।०९।२४) | १९९१५० | ८२५० |
| ४ | ४७३(२०८०।१०।१२) | ११०००० | ५१६३ |
| जम्मा | | | ८८०१३ |

| | |
|---|---|
| अनियमित भएको | ८८,०१३ |

२० **नियम पालन नगरी विज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। यस पालिकाबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। यस पालिकाबाट विज्ञापन वापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा

अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

| गो.भौ. नं./मिति | मिडिया/एजेन्सीको नाम | भुक्तानी रकम(मू.अ. कर समेत) | विज्ञापन वोर्डमा पठाउनु पर्ने रकम ३ प्रतिशत(मू.अ. कर बाहेक) |
|---|---|---|---|
| ३२०(२०८०।०८।२८) | जोइन मल्टीपल सर्भिस प्रा.लि. | ९४९०३ | २५१९ |
| ३२२(२०८०।०८।२८) | जोइन मल्टीपल सर्भिस प्रा.लि. | १००८५२ | २६७७ |
| १०५३(२०८१।०२।१४) | अतिथि मिडिया एण्ड इभेन्ट प्रा.लि. | १७५६०२ | ४६६२ |
| १०५५(२०८१।०२।१४) | जोइन मल्टीपल सर्भिस प्रा.लि. | १२८१४२ | ३४०२ |
| १०५९(२०८१।०२।१४) | मदर एडभर्टाइजिङ्ग एण्ड मार्केटीङ | ६१६९८ | १६३८ |
| १३९७(२०८१।०३।२०) | भेटघाट मिडिया प्रा.लि. | ६१६९८ | १६३८ |
| जम्मा | | ६२२८९५ | १६५३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,५३६ |

## २१ इन्टरनेट मर्मत शुल्क भुक्तानी

दूरसंचार नियमावली, २०५४(संशोधन समेत) को नियम १५(१) को खण्ड (ज) मा ग्राहकलाई उपलब्ध गराएको दूरसंचार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरुप निःशुल्क मर्मत संभार गर्नु पर्ने व्यवस्था छ। साथै दूरसंचार सेवा अन्तर्गत फिक्स्ड वायर्ड ब्रोडब्याण्ड सेवा प्रदान गरे वापत लाग्ने महशुलमा बढीमा पचास प्रतिशत सम्म मर्मत संभार शुल्क लगाउन सक्नेछ भन्ने व्यवस्था पनि गरिएको छ। नमुना परीक्षणको क्रममा पालिकाले देहायका दूर संचार सेवा प्रदायकले यस आर्थिक वर्षमा पालिकालाई Internet सेवा उपलब्ध गराए वापत जम्मा रु. १२२१९२।०० इन्टरनेट शुल्क वापत र सो को शतप्रतिशत रकम रु.१२२१९२।०० मर्मत संभार (support and maintenance) भुक्तानी लिएको देखिएकोले बढी भुक्तानी भएको ५० प्रतिशत मर्मत संभार (support and maintenance) शुल्क रु. ६१०९५।०० सम्बन्धित सेवा प्रदायकबाट एकिन गरी असुल उपर गर्नुपर्ने रू.

| गो.भौ.नं. | इन्टरनेट सेवा प्रदायको नाम | इन्टरनेट सेवा शुल्क(VATबाहेक) | मर्मत संभार(support and maintenance) शुल्क(VATबाहे) | मर्मत सम्भार बापत बढी भुक्तानी रू |
|---|---|---|---|---|
| १८०(२०८०।०७।२०) | फाइबरनेट कम्यूनिकेशन प्रा.लि. | ४७१३७ | ४७१३७ | २३५६८।५० |
| २०३(२०८०।०७।२२) | सुविसु इन्टरनेट | ५४३६ | ५४३६ | २७१८ |
| ११२९(२०८०।०८।२१) | World Link Communication Ltd. | ६९६१९ | ६९६१९ | ३४८०९।५० |
| जम्मा | | | | ६१०९५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,०९५ |

## २२ जनप्रतिनिधिलाई पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। सोही नियमावलीको परिच्छेद ५ मा पेश्की लिने र फछ्यौंट गर्ने कार्यविधि उल्लेख छ, जनप्रतिनिधिलाई पेश्की उपलब्ध गराउने कुरा उल्लेख गरिएको छैन। यस्तै पालिकाको पदाधिकारी तथा सदस्यहरुलाई सुदूरपश्चिम प्रदेशको लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१(क) बमोजिम बाहेकको सुविधा उपलब्ध नगराइने कुरा उल्लेख छ। पालिकाले यस आर्थि वर्षमा विभिन्न जनप्रतिनिधिलाई तलब पेश्कीको रुपमा उपलब्ध गराएको पाइयो। यसरी ऐन नियम तथा कार्यविधि विपरित पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ। नमुना परीक्षणको क्रममा देखिएका केही उदाहरणहरु:

| गो.भौ.नं./मिति | पेश्की लिनेको नाम | पेश्की लिनुको कारण | पेश्की रकम |
|---|---|---|---|
| २४६(२०८०।०८।२०) | वडा नं. ७ को वडा अध्यक्ष श्री कमल महतो | सुविधाबाट कट्टा हुने गरी आवश्यक काम परेको भनी लिएको | १००००० |
| | कापा सदस्य श्री पार्वती देवी डगौरा | | ६०००० |
| ३५९(२०८०।०९।०६) | ४ नं. वडा सदस्य श्री मोहन कुमार डगौरा थारु | पौष र माघको सुविधाबाट कट्टा हुने गरी पेश्की भुक्तानी | १५८४० |
| ५५४(२०८१।११।०३) | वडा सदस्य राधा भुल | फागुन देखि जेठ सम्मको सुविधाबाट कट्टा हुने गरी पेश्की भुक्तानी दिएको | ५०००० |

## २३ मालसमान तथा उपकरण खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नुपर्नेतथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्नेव्यवस्था छ। नमुना परीक्षणका क्रममा पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनी सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन। मेशीनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | भुक्तानी प्राप्त गर्नेको नाम | खरिद सामग्रीहरु | भुक्तानी भएको मु अ कर रकम |
|---|---|---|---|---|
| १ | २३५(२०८०।०७।२२) | क्रियटिभ आइटी सोलुसन | विभिन्न कम्प्यूटर जन्य सामग्रीहरु | १३२८०० |
| २ | २३६(२०८०।०७।२२) | टिकापुर गुड्स सप्लायर्स | विविध कम्प्यूटर जन्य सामग्रीहरु | १९७५०० |
| ३ | ३००(२०८०।०८।२७) | एल बि कम्प्यूटर सेन्टर | विभिन्न इलेक्ट्रोनिक्स सामग्रीहरु | १४५७७० |
| ४ | ३४५(२०८०।०९।०४) | क्रियटिभ आइटी सोलुसन | विभिन्न कम्प्यूटर जन्य सामग्रीहरु | १४४५०० |
| ५ | १२३८(२०८१।०३।११) | क्रियटिभ आइटी सोलुसन | विभिन्न कम्प्यूटर जन्य सामग्रीहरु | १६७९०० |

## २४ अनुदान/कार्यक्रम प्रभावकारिता

सार्वजनिक निकायबाट उपलब्ध गराईएको रकमको सही सदुपयोग भए नभएको एकीन गर्न रकम उपलब्ध गराउने निकायले समय समयमा अनुगमन तथा फलोअप गरी सार्वजनिक रकम सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ। नमुना परीक्षणको क्रममा यस आर्थिक वर्षमा पालिकाले देहायका कार्यक्रममा रकम उपलब्ध गराई रु.४७७३३८ ।- खर्च लेखेको छ ।

| गो.भौ.नं. | कार्यक्रमको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २७२(२०८०।०८।२६) | कृषकलाई बर्सिम घाँस बीउ वितरण कार्यक्रम | - रू. ३३० का दरले ४०० किलो वर्सिम घाँको बीउ खरिद गरी शतप्रतिशत अनुदानमा १०३ जनलाई वितरण गरेको | ६६००० |
| ४७६(२०८०।१०।१२) | व्यवसायिक भैसीपालक कृषकलाई राँगा खरिद तथा वितरण | - मुर्रा क्रस राँगा एक वटा खरिद गरी मोहनलाल थारुलाई विरतण गरेको। | १००००० |
| ६०५(२०८०।११।१४) | साना किसान नमूना कृषि बाली उत्पादन कृषि बिजन तथा बिषादी खरिद वितरण कार्यक्रम | - भिण्डि, करेला, लौका लगायतका तरकारीका बेर्ना तथा मालाथीन सिकेचर लगायतका कृषि सामग्रीहरु खरिद गरी वितरण गरेको भनी भुक्तानी दिएको | २०९५७५ |
| ६२१(२०८०।११।१९) | कृषि सामग्री वितरण कार्यक्रम | - १००० लि. प्लाष्टिक ट्यांकी थान-२,<br>- कम्प्रेशर मेशीन थान-२, ड्रप ल्याटरल पाइप ५०० मिटर, मोटर पम्प २HP थान-१ र बोरीङ्ग सेट थान १ खरिद गरी विभिन्न कृषकलाई वितरण गरेको | १०१७६३ |
| जम्मा | | | ४७७३३८ |

पालिकाले अनुदान वितरणका लागि कृषक, कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान रकम वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको देखिएन। वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको, एकै समूह तथा फर्मले पटक-पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन। उल्लिखित कृषक समूह/फर्म/कृषकलाई वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले नियमित अनुगमन तथा फलोअप गरी उपलब्धी मापन गरेको देखिएन। जसबाट वितरित रकमको पूर्ण रुपले सदुपयोग भएको र संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नभएको भनी सुनिश्चित हुन सकिएन। यसर्थ, अनुगमन तथा फलोअपलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

## २५ बहाल कर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको भुक्तानीमा कट्टा गर्नुपर्ने बहाल कर कट्टा नगरेकोले यकिन गरी असुल गर्नुपर्ने रू.

| गो.भौ.नं. र मिति | भुक्तानी प्राप्तकर्ताको नाम | व्यहोरा | रकम रू. |
|---|---|---|---|
| १०१(२०८०।०७।०१) | ७ नं. वडाका वडा अध्यक्ष श्री कमल महतो | रू. ३४२०० को टेन्ट हाउस भाडामा लिएकोमा कट्टा गर्नुपर्ने बहाल कर १० प्रतिशत कट्टा नगरेको | ३४२० |
| २५२(२०८०।०८।२१) | जगन्नाथ भलमन्सा समिति | रू. २००० को डिजे टेन्ट हाउस भाडामा लिएकोमा कट्टा गर्नुपर्ने बहाल कर १० प्रतिशत कट्टा नगरेको | २००० |
| जम्मा | | | ५४२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४२० |

## २६ रोजगारी सृजना

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम

व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरिएको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ९ वडामा सुचिकृत ६७४ बेरोजगार मध्ये यो वर्ष २७ योजना सञ्चालन गरी ९० जनालाई औसत ८१ दिनले ७२८३ दिन रोजगारी उपलब्ध गराई रू.४८,६५,०४४। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। वर्षको करिब १३ प्रतिशत दिन मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| वडानं. | सुचिकृत बेरोजगार संख्या | रोजगार संख्या | रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ३५ | ७ | ६२९ | ४२०१७२ | ६००२४ | २० |
| २ | २२३ | २९ | १६०९ | १०७४८१२ | ३७०६२ | १३ |
| ३ | ५४ | ७ | ७०० | ४६७६०० | ६६८०० | १२ |
| ४ | ८३ | ८ | ७७९ | ५२०३७२ | ६५०४६ | ९ |
| ५ | ६१ | ८ | ८०० | ५३४४०० | ६६८०० | १३ |
| ६ | ४५ | ७ | ७०० | ४६७६०० | ६६८०० | १५ |
| ७ | ६० | ८ | ७९५ | ५३१०६० | ६६३८२ | १३ |
| ८ | ८६ | ८ | ७९८ | ५३३०६४ | ६६६३३ | ९ |
| ९ | २७ | ८ | ४७३ | ३१५९६४ | ३९४९५५ | २९ |
| जम्मा | ६७४ | ९० | ७२८३ | ४८६५०४४ | ५४०५६ | १३ |

### २७ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसुची ३ को दफा ११ मा नयाँ लघु उद्यमी सिर्जना तर्फ विनियोजित कुल वजेटको २४ देखि ३३ प्रतिशत खर्च स्थानीय तहले सेवा करार सम्झौता गरी उद्यम विकास सहजकर्ता परिचालनमा खर्च गर्नसक्ने व्यवस्था छ। जसअनुसार शसर्त कार्यक्रम तर्फको कुल विनियोजित वजेट रू.८,६०,०००। को अधिकतम रू.२,८३,८००। खर्च गर्न पाउनेमा पालिकाले २ जना कर्मचारि नियुक्त गरि बर्षभरी शसर्त चालु शिर्षकवाट रू.२,८३,८००। र पालिकावाट मिति २०८० पौष १६ गाउँ सभाले खर्च अनुमोदन गरे अनुसार रू.५,९१,६५२। थप गरि रू.८,७५,४५२। खर्च लेखेको छ। यसरि संघिय सरकारले व्यहोर्ने हस्तान्तरीत कार्यक्रमको लागी पालिकाले थप व्ययभार पर्ने गरि खर्च भएको रकम नियम सम्मत देखएन। यसरि निर्देशिकाले तोकेको सिमा भन्दा वढी खर्च हुनु र पालिकालाई थप व्यभार परेको रकम नियम सम्मत देखिएन। अत: निर्देशिका विपरित भएको खर्च अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५,९१,६५२ |

### २८ तालिम तथा कार्यक्रम (सामाजिक विकास शाखा तर्फ)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष देहाय वमोजिम तालिम सञ्चालन गरी रू.१०,९९,९८७। भुक्तानी गरेको विवरण प्राप्त भएको छ।

| क्र.सं. | भौ.नं. र मिति | कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४-२०८०।०९।२५ | सहकारी व्यवस्थापन तालिम | सहायक चौथो आनन्द उपाध्याय | ११२४०० |
| २ | ११-२०८०।११।२१ | सिलाई कटाई तालिम लेवल-२ | सहायक पाँचौ ईश्वर भट्टराई | ७६४६० |
| ३ | १२-२०८०।११।२१ | सिलाई कटाई तालिम लेवल-१ | सहायक पाँचौ ईश्वर भट्टराई | १३१७७८ |
| ४ | २१-२०८१।०१।०७ | सहकारी शिक्षा कार्यक्रम | सहायक चौथो राम प्रसाद चौधरी | १७५६०० |
| ५ | २४-२०८१।०२।०८ | होजियारी तालिम | सहायक पाँचौ ईश्वर भट्टराई | ७७१८६ |
| ६ | ३२-२०८१।०२।२१ | ब्युटी पार्लर तालिम लेवल २ | सहायक पाँचौ ईश्वर भट्टराई | १७५७४१ |
| ७ | ४५-२०८१।०३।१८ | लोक सेवा तयारी कक्षा सञ्चालन कार्यक्रम | टीकापुर ट्युसन सेन्टर | १७९९९७ |
| ८ | ५१-२०८१।०३।१८ | ब्युटी पार्लर तालिम लेवल १ | स्थानिय महिला विकास मञ्च | १७०८२५ |
| | जम्मा | | | १०९९९८७ |

यसरी सञ्चालित तालिमको प्रभावकारिताको अनुगमन गरि अनुगमन अभिलेख राखेको पाईएन। तालिम तथा कार्यक्रमको रकम भुक्तानी पश्चात सोको उपलब्धिको बारेमा कार्यालयले नियमित अनुगमन गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।

### २९ विद्यार्थि कृषि करेसावारी कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। विद्यार्थि कृषि करेसावारी कार्यक्रमको लागी पालिकाले यो बर्ष रू. ३ लाख वजेट विनियोजन गरेकोमा निम्नानुसार रू. २,५९,२००। खर्च भएको छ। पालिकाले कार्यक्रम सञ्चालन गर्ने कार्यविधि तयार नगरेको, समग्र कार्यक्रमको प्रगति विवरणका साथै कार्यक्रमको प्रभावकारीता सम्बन्धमा अनुगमन प्रतिवेदन तयार गरेको छैन। कार्यविधि तथा मापदण्ड तयार गरी खर्च गर्ने र रकम भुक्तानी पश्चात समग्र कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी अनुगमन कार्यलाई प्रभावकारी वनाउनुपर्दछ।

| क्र.सं. | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ९-२०८१।०१।१७ | वडा नं. ९- अरूणोदय मा.वि. | ८६९९५ |
| २ | १०-२०८१।०१।१७ | वडा नं.९- जनता आ.वि. | ८७२०५ |
| ३ | १७-२०८१।०३।१८ | वडा नं.७- मोति मा.वि. | ८५००० |
| | जम्मा | | २५९२०० |

### ३० अनुगमन भत्ता

सुदुरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारीले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने उल्लेख छ। पालिकाले तपसिल बमोजिम विभिन्न कार्यक्रमको अनुगमन भत्ता बापत रू.११,९००। खर्च लेखेको छ। ऐनमा अनुगमन भत्ता सम्बन्धमा व्यवस्था नभएको र उल्लेखित बाहेकको सुविधा दिनु मनासिव नदेखिएकोले यसरी भुक्तानी भएको रकम रू.११,९००। नियम सम्मत नदेखिएको रू.

| क्र.स. | भौ.नं. र मिति | नाम | पद | रकम |
|---|---|---|---|---|
| शसर्त चालु | | | | |
| १ | २९७-२०८१।०२।२० | गणेश चौधरी | अध्यक्ष | ३४०० |
| २ | २९७-२०८१।०२।२० | लालमती कठरिया | उपाध्यक्ष | ३४०० |
| ३ | २९७-२०८१।०२।२० | लक्ष्मी चौधरी | का.पा. सदस्य | ३४०० |
| ४ | ३३७-२०८१।०३।११ | लालमती कठरिया | उपाध्यक्ष | ८५० |
| ५ | ३३७-२०८१।०३।११ | लक्ष्मी चौधरी | का.पा. सदस्य | ८५० |
| | जम्मा | | | ११९०० |

| | |
|---|---|
| अनियमित भएको | ११,९०० |

## ३१ शिक्षा तर्फ

३१.१ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

३१.२ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३१.३ **संस्थागत विद्यालय अनुगमन** – पालिका भित्र १५ निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि तिनको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनविज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनत: दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

साथै, नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम

पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

३१.४ **परीक्षा सञ्चालन गर्न रकम भुक्तानी** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को २.८.१५ को क्रियाकलाप नम्बर २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मुल्याङ्कनको लागि प्रति विद्यार्थी रू. २७५ का दरले भुक्तानी दिने व्यवस्था छ। साथै, परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतवाट वजेट व्यवस्था गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार आन्तरिक श्रोतवाट रकम भुक्तानी गरेकोमा आन्तरिक स्रोतवाट वजेट खर्च गर्ने मापदण्ड तयार गरेको छैन। साथै, पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा व्यवस्था नभएको र कुनै मापदण्ड कार्यविधी विना कक्षा ४ देखी ७ र ९ को परीक्षा सञ्चालन गर्न समेत रकम भुक्तानी गरेको पाईयो। यसरी खर्च हुने रकमको वजेट खर्च सम्बन्धी कार्यविधी तथा मापदण्ड वनाई खर्च रकमको समय समयमा अनुगमन गरी अनुगमन अभिलेख लाई समेत व्यवस्थित गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.सं. | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| शिक्षा चालु | | | |
| १ | २३-२०८१।०१।२८ | कक्षा ८ को परीक्षा सञ्चालन गर्न | २७५७१२ |
| २ | २५-२०८१।०२।०२ | कक्षा ४ देखी ७ र ९ को परीक्षा सञ्चालन गर्न | ३७८३२५ |
| जम्मा | | | ६५४०३७ |

३१.५ **शुन्य दरवन्दी भएको विद्यालयलाई अनुदान** - भौ.नं. ४१ मिति २०८०।०७।०१ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. ९.९ मा वार्षिक एकमुष्ट अनुदानवाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ वमोजिम विद्यालयले कार्यसम्पादन करारमा उल्लिखित सर्तअनुसार कार्यसम्पादन भए नभएको नियमित अनुगमन गरी सोको कार्य प्रगती तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षक वाट विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत शुन्य दरवन्दी अनुदान प्राप्त गर्ने विद्यालयलाई निकासा वाफत हिरा आ.वि. लाई रू. १० लाख र रूक्मणी आ.वि. लाई १० लाख गरी रू. २० लाख निकासा भएकोमा अनुगमन गरी प्रतिवेदन पेश भएको देखिएन। अत: रकम भुक्तानी प्रश्चात अनुदान रकमको प्रभावकारिता सम्बन्धमा पालिकावाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३१.६ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ। यस वर्ष ३३ वटा विद्यालयलाई जम्मा रू.१३,५३,१००। निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना हुनुपर्दछ।

३१.७ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान** – भौ.नं. २६६ मिति २०८१।०२।०८ शिक्षा तथा मानव श्रोत केन्द्रबाट जारी कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को २.८.५ को क्रियाकलाप नं. २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनको लागि वार्षिक रु.१२,०००।०० को दरले अनुदान उपलब्ध गराउने र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ३३ वटा विद्यालयलाई इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय रू. १२,०००।०० को दरमा रू. ३,९६,०००। रकम निकासा भएकोमा विद्यालयमा इन्टरनेट जडान तथा प्रयोगको अवस्थाबारे पालिकाबाट नियमितरुपमा अनुगमन हुनुपर्दछ।

३१.८

**आइसिटी ल्याव स्थापना** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरु स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ। यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ।

| **क्र.स.** | **भौ.नं. र मिति** | **विद्यालयको नाम** | **कार्यक्रम** | **निकाशा रकम** |
|---|---|---|---|---|
| १ | ३९०-२०८१।०३।२० | आदर्श मा.वि. खर्गोली | पुस्तकालय तथा ICT व्यवस्थापन | ६५०००० |
| जम्मा | | | | ६५०००० |

३१.९ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ वटा सामुदायिक विद्यालयमा ११२ शिक्षक दरवन्दी रहेकोमा १११ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२( क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिका स्थित ३३ वटा सामुदायिक विद्यालयमा ६२०० जना विद्यार्थी अध्ययनरत रहेका छन्। पालिकाले न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | थप पदपूर्ति निजी स्रोत(पालिका अनुदान) | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | अरूणोदय मा.वि. | ९ | ९ | | ३ | ७०३ |
| २ | जनता नमुना मा.वि. | ८ | ८ | | ३ | ५०२ |
| ३ | महेन्द्र शिशु मा.वि. | ६ | ६ | | १ | ३७६ |
| ४ | हिमालय रा.मा.वि. | ५ | ५ | | ३ | ४१० |
| ५ | सरस्वति मा.वि. | ६ | ६ | | ३ | ३६२ |
| ६ | मोति मा.वि. | ९ | ९ | | ० | ३५२ |
| ७ | आदर्श मा.वि. | ५ | ५ | | २ | २५८ |
| ८ | भृकुटी मा.वि. | ४ | ४ | | १ | ५३९ |
| ९ | राष्ट्रिय मा.वि. अमौरा | ६ | ६ | | १ | २२६ |
| १० | बालज्योति मा.वि. | ४ | ४ | | २ | २६८ |
| ११ | राष्ट्रिय मा.वि. पाताभार | ५ | ५ | | २ | १२१ |
| १२ | राष्ट्रिय आ.वि. अमौरी | ४ | ४ | | २ | ७६ |
| १३ | जयपार्वती आ.वि. | ४ | ४ | | २ | १०६ |
| १४ | राष्ट्रिय आ.वि. मुनुवा | ६ | ५ | | ४ | १५३ |
| १५ | बालविद्यामन्दिर आ.वि. | २ | २ | | ३ | १११ |
| १६ | जनता आ.वि. | २ | २ | | ३ | २७२ |
| १७ | जनकल्याण आ.वि. | ५ | ५ | | २ | १८१ |
| १८ | कालिका आ.वि. धर्मापुर | २ | २ | | १ | ४८ |
| १९ | ऐश्वर्य आ.वि. | ३ | ३ | | ३ | १३५ |
| २० | राष्ट्रिय आ.वि. खैरिपुर | २ | २ | | ५ | १९३ |
| २१ | राष्ट्रिय आ.वि. खरेनी | ४ | ४ | | १ | ४५ |
| २२ | राष्ट्रिय आ.वि. गोलोरी | २ | २ | | ० | ७१ |
| २३ | कालिका आ.वि. बेलासपुर | १ | १ | | २ | ७२ |
| २४ | कालिका आ.वि. कालिकपुर | ४ | ४ | | ० | ७३ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | बालमुक्ति आ.वि. | २ | २ | | ० | ४५ |
| २६ | विन्देवासिनी आ.वि. | ० | ० | | ० | २५ |
| २७ | कालिका आ.वि. पुर्वखैरिफाँटा | ० | ० | | ० | ८ |
| २८ | गौरीशंकर आ.वि. | १ | १ | | १ | ६४ |
| २९ | गायत्री आ.वि. | ० | ० | | ० | ३० |
| ३० | पारस आ.वि. | १ | १ | | १ | ८१ |
| ३१ | मुक्तकमैया आ.वि. | ० | ० | | ० | १६९ |
| ३२ | हिरा आ.वि. | ० | ० | | ० | ४९ |
| ३३ | रूक्मणि प्रा.वि. | ० | ० | | ० | ७६ |
| | जम्मा | ११२ | १११ | | ५१ | ६२०० |

३१.१० **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| क्र.स. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | राष्ट्रिय आ.वि. खरेनी | ५ | ४५ | १:९ |
| २ | राष्ट्रिय आ.वि. अमौरी | ६ | ७६ | १:१३ |
| ३ | राष्ट्रिय मा.वि. पाताभार | ७ | १२१ | १:१७ |
| ४ | जनता नमुना मा.वि. | ११ | ५०२ | १:४६ |
| ५ | हिमालय रा.मा.वि. | ८ | ४१० | १:५१ |
| ६ | अरूणोदय मा.वि. | १२ | ७०३ | १:५९ |
| ७ | भृकुटी मा.वि. | ५ | ५३९ | १:१०८ |

पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:९ देखि १:१०८ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

## ३२ नमुना विद्यालयलाई अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नम्वर २.७.१३.१३ को वुदा नम्बर ९.८ मा नमुना विद्यालयले बर्षभरि सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयहरूवीच सम्झौता गरी विद्यालयमा रकम निकासा गर्ने उल्लेख छ। त्यस्तै, विद्यालयले सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने उल्लेख छ। पालिकाले यो बर्ष नमुना विद्यालयको रूपमा जनता नमुना मा.वि. छनौट गरी जम्मा रू.३०,००,०००। भुक्तानी गरेको छ। जनता नमुना मा.वि. को शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत निम्नानुसार सामग्री खरिद गरी हस्तान्तरण भएकोमा कार्यान्वयन पुस्तिकाले तोके अनुसार स्थानीय तह र विद्यालय विच सम्झौता भएको छैन। सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति पेश भएको पाईएन। साथै, विद्यालयबाट पेश गरेको प्रस्तावना अनुसारका क्रियाकलापहरू विद्यालयलाई आवश्यक भए नभएको सम्बन्धमा पालिकाबाट कुनै स्थलगत निरीक्षण नभई रकम भुक्तानी भएको देखिन्छ। यसरी विद्यालयले पेश गरेको प्रस्तावना अनुसार कार्य संचालन गर्न आवश्यक रहे नरहेको सम्बन्धमा पालिकाबाट स्थलगत निरीक्षण पश्चात सम्झौताका आधारमा कार्य अगाडी वढाउनुपर्ने देखिन्छ।

| क्र.सं. | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ३४०-२०८१।०३।११ | ८ थान Laptop र १ थान Projector | ७५४५१८ |
| २ | ३७६-२०८१।०३।१८ | खेलकुद एवम् शिक्षण सहायक सामाग्रीहरू | २८३८५४ |
| ३ | ३८३-२०८१।०३।१९ | एयर कन्डीसनर | ३६५८४० |
| ४ | ३८५-२०८१।०३।१९ | ल्यापटप | ६६२३८५ |
| ५ | ३८८-२०८१।०३।१९ | ५० थान झोला | २१५२०० |

### ३३ स्पेसिफिकेसन सहित दाखिला नभएकोले

भौ.नं. २९८ मिति २०८१।०२।२२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपुर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, नियम ४ र ५ बमोजिम निरीक्षण वा परीक्षण गर्ने र नियम ६ बमोजिम निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। ओम टेक ग्रुफ निर्यात एण्ड आयात प्रा.लि. वाट १६ थान स्यानिटरी प्याड डिस्पोजल मेशिन रू.९,५८,२४०। मा खरिद गरेकोमा स्पेसिफिकेसन सहित दाखिला नभएकोले दाखिला गर्दा स्पेसिफिकेसन खुलाएर दाखिला गर्नुपर्ने देखिन्छ।

### ३४ विद्यालयको लेखापरीक्षण

भौ.नं. २६७ मिति २०८१।०२।०८ पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। पालिकाले विद्यालयको आ.व. २०७९।८० को लेखापरीक्षण गर्न ३० विद्यालयहरुलाई रू. ३,५०,०००। भुक्तानी गरेको छ। आ.व. २०८०।८१ को लेखापरीक्षणको क्रममा २५ विद्यालयले मात्र प्रतिवेदन पालिकामा वुझाएको देखिन्छ। अत: सबै विद्यालयले प्रतिवेदन पालिकामा वुझाई लेखापरीक्षण प्रतिवेदनमा देखिएका व्यहोरा उपर आवश्यक छलफल गरी सुधार गर्नुपर्दछ ।

### ३५ नीजि शिक्षक

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले २७ विद्यालयमा ५१ जना नीजि शिक्षक नियुक्त गरी विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.१,४१,८३,६४७। रकम विद्यालयको खातामा पठाएको छ। कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएकोले यस्तो भुक्तानी नियम सम्मत देखिएन।

| क्र.सं. | निकासा समय | भुक्तानी भएको स्रोत | भुक्तानी रकम | विद्यालय | शिक्षक संख्या |
|---|---|---|---|---|---|
| १ | २०७९।०८० को २०७९ असोज देखि २०८० असार सम्मको चाडपर्व खर्च | आन्तरिकश्रोत | ६८४२००० | २७ | ५१ |
| २ | श्रावण देखि मंसिर सम्म चाडपर्व खर्च सहित | आन्तरिकश्रोत | २८५३००० | २२ | ५१ |
| ३ | पुष देखि चैत्र सम्म | आन्तरिकश्रोत | २०४६००० | २२ | ५१ |
| ४ | बैशाख देखि असार सम्म | आन्तरिकश्रोत | २४४२६४७ | २४ | ५१ |
| | **जम्मा** | | **१४१८३६४७** | | |

३६ **प्रधानाध्यापक छनौट तथा व्यवस्थापनको लागी रकम निकासा**

भौ.नं. ४१ मिति २०८१।०३।१८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। सामुदायिक विद्यालयका प्रधानाध्यापक छनौट तथा व्यवस्थापनको लागी निम्नानुसार ७ विद्यालयलाई रू.७१४०। का दरले जम्मा रू. ४९,९८०। निकासा भएकोमा विद्यालयले खर्चको विल भरपाई पेश नगरेकोले विल भरपाई पेश गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | कालिका आ.वि. धर्मापुर | ७१४० |
| | जम्मा | ७१४०।०० |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **७,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **७,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **७,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **७,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **७,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **७,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१४० |

३७ **विल भरपाई वेगर रकम भुक्तानी (शसर्त चालु)**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **२३,७५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१७,६४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ३८ **विद्यार्थी संख्याको सत्यापन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ ले तय गरेका कार्यक्रमहरु जस्तै: विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, स्यानेटरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नुपर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नुपर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनुपूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ।

### ३९ **दिवा खाजा**

आर्थिक वर्ष २०८०।८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरी उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले शसर्त अनुदानबाट कुल ३३ विद्यालयको लागि दिवा खाजा बापत रू.८०,३८,८५५। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ।

| क्र.सं. | भौ.नं. मिति | त्रैमासिक | रकम | विद्यालय संख्या |
|---|---|---|---|---|
| १ | ६३-२०८०।०७।२२ | प्रथम | २४१०५८५ | ३३ |
| २ | १५९-२०८०।११।१५ | दोस्रो | २०९२८३० | ३३ |
| ३ | २०७-२०८१।०१।०६ | तेस्रो | १९२७०६५ | ३३ |
| ४ | ३२८-२०८१।०३।१० | चौथो | १६०८३७५ | ३३ |
| | जम्मा | | ८०३८८५५ | |

### ४० **शैक्षिक अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन

शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्र.स. | विद्यालयलाईअनुदान | विद्यालयसंख्या | रकम |
|---|---|---|---|
| १ | अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४ | २८२९७२० |
| २ | छात्रवृत्ति | ३० | ११०१८०० |
| ३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३० | १८७६००० |
| ४ | पालिका अन्तर्गतका विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप संचालनका लागी एकमुष्ट अनुदान | ३० | ५००००० |
| ५ | पाठ्यपुस्तक अनुदान | ३० | ४१३३७५८ |
| ६ | विज्ञान प्रयोगशाला | १ | ६५०००० |
| | **जम्मा** | | **११०९१२७८** |

४१ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघको ८०७७७५०३५०१ बजेट उप शिर्षक आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकबाट सेतीदेवी मेडिसिन सप्लायर्स प्रा.लि. भक्तपुरसँग रु.११९५३३९.९१ (दरभाउपत्र मार्फत), मनकामना मेडिकल सेवा, टिकापुरसँग रु.९९.९००(सोझै खरिद मार्फत), बिजयालक्ष्मी मेडिसिन सप्लायर्स, बर्दगोरियासँग रु.६,७२,००० (दरभाउपत्र मार्फत) र आदित्य फार्मेसी भजनी कैलालीसँग रु.७७४६० (सोझै खरिद मार्फत) औषधि खरिद गरेको र यस पालिकाले पालिकाको ८०७७७५०३३०२ बजेट उपशिर्षक निशुल्क वितरणका लागि औषधीजन्य मालसामान खरिद शिर्षकबाट रौलाकेदार मेडिसिन सप्लायर्ससँग रु.६०१५४४ (e-Bid) मार्फत र बिजयालक्ष्मी मेडीसिन सप्लायर्ससँग रु.९६६०० (सोझै खरिद मार्फत) औषधि खरिद गरेको देखिन्छ। यसरी संघ र पालिका चालु बाट विभिन्न फर्मसँग जम्मा रु.२७,४२,९३५.९१ को औषधि खरिद गरेको छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्णरुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत एकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४२ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष ११० थानको रु.९८,९९९ र यस वर्ष ११० थान को रु.९८,९९९ खरिद गरेकोमा गत वर्ष १८७ जना र यस वर्ष १६३ जना गरी ३५० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका १३० थान अल्या समेत वितरण भएको देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। समयमै वितरण गरी मौज्दात नराख्ने कार्यलाई पालिकाले निरन्तर ध्यान दिनुपर्दछ।

४३ **दरबन्दी भन्दा बढी पदपूर्ती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्वको क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतासमेतलाई आधारमा लिई संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारीको दरबन्दी प्रस्ताव तयार गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिका मातहतका ४ वटा स्वास्थ्य संस्था र पालिकाको समेत गरि विभिन्न पदका २६ दरबन्दी स्वीकृत रहेकोमा ४६ जना कार्यरत रहेको छ।

यसरी दुर्गम जिल्ला तथा पालिकामा दरबन्दी भन्दा न्यून कर्मचारी रहेको विद्यमान अवस्थामा यस पालिकामा दरबन्दी भन्दा २० जना बढी कर्मचारीहरु कार्यरत रहेका छन।दरबन्दी भन्दा बढी कर्मचारीहरु कार्यरत हुनाले शसर्त अनुदानबाट समेत कर्मचारीलाई पारिश्रमिक भुक्तानीमा समस्या हुने गरेको देखिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.५८५१ मिति २०८०।०३।२५ को पत्रानुसार कर्मचारी समायोजन पश्चात स्थानीय तहको दोहोरो सहमतिका आधारमा कामकाजमा खटाईएका कर्मचारीहरुमध्ये स्वीकृत दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारीहरुलाई तत् तत् स्थानीय तहमा मिति २०८०।०४।०१ गतेदेखि लागू हुने गरि अनिवार्य काज फिर्ता गरी मन्त्रालयमा जानकारी पठाउने गरि पत्राचार भएता पनि सो कार्यान्वियनमा गएको देखिएन।पालिकाले मन्त्रालयको परिपत्रअनुसार स्वकृत दरबन्दीभन्दा बढी स्वास्थ्यका कर्मचारीहरुलाई सम्बन्धित स्थानीय तहमा काज फिर्ता गरि दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

४४ **फरक खर्च शिर्षक**

भौ.नं. ४१४ मिति २०८१।०३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। पालिकाले स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरूमा कार्यरत स्थायी कर्मचारीहरूको स्वीकृत दरवन्दी अनुसारको तलव,महंगी भत्ता र पोशाक भत्ता शिर्षकवाट स्वास्थ्य संस्थामा कार्यरत २१ जना स्थायी कर्मचारीहरूको फिल्ड भत्ता वापत रू.२,२८,०००। भुक्तानी गरेको छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले फरक शिर्षकवाट खर्च गरेको देखिएकोले सम्वन्धित खर्च शिर्षकवाटै रकम भुक्तानी गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

४५ **आमा सुरक्षा कार्यक्रम**

संघीय शसर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहवाट कार्यान्वियन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ। कार्यक्रम सञ्चालन मार्गदर्शनको क्रियाकलाप नं. ७ को ३ मा सि.नं. २.१ अनुसार स्थायी अनमी कार्यरत वर्थिङ सेन्टरमा महिनामा प्रति अनमी औसत ५ वा सो भन्दा कम प्रसुति भएको खण्डमा त्यस्ता वर्थिङ्ग सेन्टरमा करारको अ.न.मी. खटाउन नपाउने व्यवस्था छ। पालिकामा आधारभुत स्वास्थ्य सेवा केन्द्र अमरावति (१७), स्वास्थ्य चौकि पथरौया (२३), जानकी नगर स्वास्थ्य चौकि (३५), मुनुवा स्वास्थ्य चौक (४२) र दुरगौली स्वास्थ्य चौकीमा बार्षिक (४६) अर्थात ६० भन्दा कम भई मासिक औषत ५ भन्दा कम प्रसुति हुने गरेको तथ्याङ्क रहेको छ। पालिकाले उल्लेखित संस्थामा समेत अ.न.मी. करारमा खटाइ तलब भुक्तानी गरेको पाईएकोले यस्तो कार्यमा सुधार गरी मार्गदर्शनले तोकेको प्रक्रियाका आधारमा वर्थिङ्ग सेन्टरमा करार अ.न.मी. खटाउने कार्य गर्नुपर्दछ।

४६ **ब्लक कार्यक्रम**

प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधी, २०७८ मा उन्नत विउ वितरण कार्यक्रम अन्तर्गत हस्तान्तरित कुल वजेटको बढीमा २० प्रतिशत सम्म खर्च गर्न पाउने व्यवस्था छ। जसअनुसार ब्लक कार्यक्रममा कुल विनियोजित वजेट रू.९ लाख मध्ये उन्नत बिउ वितरण कार्यक्रममा २० प्रतिशत अर्थात रू.१,८०,०००। खर्च गर्न पाउनेमा रू.३,२७,१७०। खर्च भएकोले कार्यविधिले तोकेको सिमा भन्दा बढी खर्च हुनु नियम सम्मत देखिएन। यस्तो भुक्तानी अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,४७,१७० |

४७ **कृषि पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रम अन्तर्गत गहुँवाली पकेट, धानवाली पकेटमा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा रू. ११ लाख बजेट विनियोजन भएकोमा रू. १०,४८,९२१। लाख खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अत: कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। कृषि पकेट कार्यक्रम अन्तर्गत सञ्चालित केहि कार्यक्रमहरू:

| क्र.स | गो.भौ.नं.र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुह/फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ९६-२०८०।०९।०२ | गहुँवाली पकेट विकास कार्यक्रम | अन्नपुर्ण गहुँ पकेट सञ्चालक समिति | २८३४०० |
| २ | १४८-२०८०।११।०१ | गहुँवाली पकेट विकास कार्यक्रम | गोईजिहार गहुँवाली पकेट विकास संचालक समिति | २७५२३१ |
| ३ | ३२५-२०८१।०३।०९ | धानवाली पकेट विकास कार्यक्रम | न्यु किसान ट्रेड लिंक र लक्छु एग्रो सेन्टर | २४१२९४ |
| ४ | ३९८-२०८१।०३।२० | धानवाली पकेट विकास कार्यक्रम | समावेशी धानवालि पकेट संचालक समिति | २४८९९६ |
| | जम्मा | | | १०४८९२१ |

४८ **अनुदान वितरण (कृषि चालु)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ को उपनियम (५) बमोजिम कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने, उपनियम (६) बमोजिम आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाइ दिनुपर्ने उल्लेख छ। नमुना परीक्षणको रुपमा केही उदाहरण निम्न अनुसार रहेको छ।

| क्र.सं. | गो.भौ.नं. रमिति | विवरण | भुक्तानीरकम |
|---|---|---|---|
| १ | १४०६-२०८१।०३।२० | खाद्यान्न वालिको उत्पादनमा आधारित अनुदान कार्यक्रम (६० जनाले अनुदान प्राप्त गरेका) | ११०००००। |

अनुदान वितरण गर्दा उक्त नियमावलीको नियम ३९ को उपनियम (५) बमोजिम कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने, उपनियम (६) बमोजिम आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाइ दिनुपर्ने उल्लेख छ। सो व्यहोरा पालना गरेको देखिएन। यसका अतिरिक्त वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको छ भनी सुनिश्चित हुने अबस्था छैन। अनुदान दिँदा कानुन बमोजिम सबै प्रकृया पुरा गरी अनुदान दिने र अनुदान दिएको रकमको उच्चतम उपयोग गरी सेवा प्रवाह गरेको सुनिश्चित हुनुपर्दछ ।

४९ **प्रशिक्षक भत्ता (कृषि चालु)**

भौ.नं. ७ मिति २०८१।०९।०३ वार्षिक नीति, कार्यक्रम तथा वजेट पुस्तिका २०८०।०८१ मा वाह्य सहजकर्ता लाई कक्षा र कार्यपत्र सहित रू.२,१००। भुक्तानी दिने व्यवस्था छ। पालिकाले मिति २०८०।०५।२९ गते सञ्चालित जैविक विधिवाट किरा नियन्त्रण कार्यक्रमको लागी निम्नानुसार प्रशिक्षक भत्ता वाफत रू.३,०००। का दरले रकम भुक्तानी गरेको छ। यसरि प्रशिक्षक भत्ता वाफत बढी भुक्तानी भएको रू. ३,०६०। असुल गर्नपर्ने रू.

| क्र.सं. | प्रशिक्षकको नाम र पद | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी (कर वाहेक) |
|---|---|---|---|---|
| १ | व.वैज्ञानिक घनश्याम भण्डारी | २१०० | ३००० | ७६५ |
| २ | सह-प्राध्यापक सुन्दर तिवारी | २१०० | ३००० | ७६५ |
| ३ | उप-प्राध्यापक सुशिल न्यौपाने | २१०० | ३००० | ७६५ |
| ४ | उप-प्राध्यापक आशिष घिमिरे | २१०० | ३००० | ७६५ |
| | जम्मा | ८४०० | १२००० | ३०६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०६० |

५० **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्म तथा व्यक्तिहरुबाट रु. ४२१७३२०.०० सामग्री तथा रु. ९६२१६२४.०० निर्माण कार्य गरी कुल रु. १३८३८९४४.०० सोझै खरिद गरेको देखियो। सोझै खरिद हुँदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन। अत: पालिकाले तोकेको सिमा भन्दा बढी रकमको सडक वत्ती रु. १५६८९४०.०० र मेसिनरी तथा औजार रु.२६४८३८०.०० टुक्रा पारी गरेको खरिद कार्य नियमसम्मत नभएको रु.

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ.नं. र मिति | फर्म/निर्माण व्यवसायी | खरिदको विरण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | संघीय पुँजिगत | १४(२०८१।२।३०) | टीकापुर गुड्स सप्लायर्स | सोलार वत्ती खरिद | ६८४४२९ |
| २ | पालिका पुँजिगत | ३५(२०८०।८।२६) | न्यू ॐ बिजुली भण्डार एण्ड सप्लायर्स | सडक वत्ती जडान | ३४६७९७ |
| ३ | पालिका पुँजिगत | २५४(२०८१।१।२३) | युकी सप्लायर्स | सेन्सर बत्ती खरिद तथा जडान | ९९८१२ |
| ४ | पालिका पुँजिगत | २५६(२०८१।१।२३) | युकी सप्लायर्स | सेन्सर बत्ती खरिद तथा जडान | १४९७२५ |
| ५ | पालिका पुँजिगत | २६१(२०८१।१।२७) | धमाला विजुली पसल | वडा नं, ६ मा सडक वत्ती जडान | १५८९०५ |
| ६ | पालिका पुँजिगत | २८३(२०८१।२।२) | युकी सप्लायर्स | सुवर्णपुर उत्तरपुरुवा टोलमा सडक वत्ती जडान | १२९२७२ |
| **जम्मा(अनियमित रु.)** | | | | | **१५६८९४०** |
| १ | पालिका पुँजिगत | ६०(२०८०।९।२५) | मा कर्णाली इलेक्ट्रिक | मेशिनरी तथा औजार | ८६२३५९ |
| २ | पालिका पुँजिगत | ८६(२०८०।१०।२५) | कलावती गुड्स सप्लायर्स | मेशिनरी तथा औजार | ८००२०९ |
| ३ | पालिका पुँजिगत | २६०(२०८१।१।२६) | आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | वडा नं. ३ र ९मा एयर कन्डिसन खरिद | ९८५८१२ |
| **जम्मा (अनियमित रु.)** | | | | | **२६४८३८०** |
| १ | पालिका पुँजिगत | ८८(२०८०।१०।१५) | अफिस फनिसिङ होम | फर्निचर तथा फिक्चर्स | ७४७९९७ |
| २ | पालिका पुँजिगत | ३६४(२०८१।३।१७) | राम जानकी फर्निचर सप्लायर्स | फर्निचर तथा फिक्चर्स | ४१६८०० |
| ३ | पालिका पुँजिगत | ७२(२०८०।१०।१४) | ऐरावती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | कभर्ड हलको व्याडमिण्टन कोर्ड व्यवस्थापनको लागि सामाग्री खरिद | ९९८००० |
| **जम्मा** | | | | | **२१६२७९७** |
| १ | प्रदेश पुँजिगत | ८(२०८१।१।१८) | मदन कन्स्ट्रक्सन | अरुणोदय मावि घेरापर्खाल निर्माण | ६७१२७९ |
| २ | प्रदेश पुँजिगत | ११(२०८१।२।२९) | मेलिभा निर्माण सेवा | राष्ट्रिय आवि घेरापर्खाल निर्माण जानकी ७, गोलौरी कैलाली | ६४३३४३ |
| ३ | पालिका पुँजिगत | ४०(२०८०।९।१) | तोया कन्स्ट्रक्सन | स्वास्थ्य शाखाको तला थप गर्ने कार्य | ९६३३३२ |
| ४ | पालिका पुँजिगत | २०२(२०८१।१।९) | सन्तोष बिल्डर्स | वडा नं. ४ का विभिन्न सडक स्तरोन्नती | ७५६१९१ |
| ५ | पालिका पुँजिगत | २१४(२०८१।१।१२) | एस के एल निर्माण सेवा | वडा नं. १ अर्न्तगतका विभिन्न स्थानमा ह्युमपाईप जडान | ३८६६५५ |
| ६ | पालिका पुँजिगत | २९४(२०८१।२।८) | मल्ल निर्माण सेवा | कटाँसे खेल मैदान घेरवार | ९४१२९० |
| ७ | पालिका पुँजिगत | ३११(२०८१।२।१४) | के एस कन्स्ट्रक्सन | जगतपुर जमराहान घरदेखी रेशमलाल चौधरीको | ९६१२३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | घरसम्म सडक स्तरोन्नती | |
| ८ | पालिका पुँजिगत | ३१४(२०८१।२।२२) | जय हनुमान निर्माण सेवा | रेशमलाल चौधरीको घरदेखी पागत चौराहासम्म सडक स्तरोन्नती | ८५२०१० |
| ९ | पालिका पुँजिगत | ३३२(२०८१।२।३१) | आशिष कन्स्ट्रक्सन | जगतपुर बगरहान घरदेखी पिपल चौतारा सम्म सडक स्तरोन्नती | ९५३०६३ |
| १० | पालिका पुँजिगत | ३४६(२०८१।३।१२) | आर के निर्माण सेवा | गोलचोक र जानकी ४ वरुवा नाला कंचनपुर सडक कालोपत्रे | ९६१८५२ |
| ११ | पालिका पुँजिगत | ३४८(२०८१।३।१२) | युकी विल्डर्स | खर्गौली खप्तड बोर्डिङ्ग नरबहादुर चौधरीको घरदेखी पूर्व परागीपुर जोड्ने सडक कालोपत्रे | ९६३५६५ |
| १२ | पालिका पुँजिगत | ४५१(२०८१।३।२४) | आशिष कन्ट्रक्सन एण्ड कन्सर्न | वडा कार्यालय परिधि घेरवार सहित गेट निर्माण | ५६७८०८ |
| **जम्मा** | | | | | **९६२१६२४** |
| **कुल जम्मा** | | | | | **१३८३८९४४** |

| | |
|---|---|
| अनियमित भएको | ४२,१७,३२० |

५१ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र स | विवरण | खर्च रकम |
|---|---|---|
| १ | इलाका प्रशासन कार्यालयको हाता भित्र टहरा निर्माण | ४८६९५० |
| २ | संयुक्त प्रगतिशिल कृषक समुहको भवन निर्माण | ४८५९७५ |
| ३ | दुर्गौली चोकमा अस्थायी प्रहरी विट निर्माण | ८०४३४ |
| ४ | अमरावती प्रहरी चौकीमा शौचालय निर्माण | ३३८२४६ |
| ५ | अरुवा क्लब भवन निर्माण | ३९०००० |
| ६ | सशस्त्र प्रहरी कार्यालय टीकपुरको छानामा जस्तापाता जडान | १४२२७८ |

५२ **नाफामुलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। यस वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण र कार्यालय व्यवस्थापन वापत अनुदान भुक्तानी गरेको छ। यसरी निश्चित कार्यविधि र मापदण्ड नबनाई नाफा

कमाउने उद्वेश्यले स्थापना भएका संस्थाको पूर्वाधार निर्माण तथा कार्यालय व्यवस्थापन वापत अनुदान दिने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र सं | ब उ शी नं | गो भौ/ मिति | भुक्तानी पाउने | अनुदान रकम |
|---|---|---|---|---|
| १ | पालिका पुँजिगत | १३२(२०८०।११।१५) | असल छिमिके कृषक सहकारी संस्था- थप भवन निर्माण कार्य | १९५००० |
| | | | अनियमित भएको | १,९५,००० |

५३ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू. बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसारका रू. २० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वियन गर्नु पर्दछ।

| क्र स | योजनाको नाम | सम्बद्ध निर्माण व्यवसायी | कूल लागत अनुमान |
|---|---|---|---|
| १ | खैरापुर देखि भोक्सीसम्म सडक कालोपत्रे निर्माण | रसुन निर्माण सेवा | ३३६४१२३ |

५४ **भेरिएसन आदेश जारी नभएको**

निम्न कार्यको लागि पालिका र निर्माण व्यवसायी तथा आपूर्तीकर्ता विच भएको सम्झौताको जि सि सि मा विल अफ क्वान्टिटिको कुनै आइटममा शुरु सम्झौता अंकको २५ भन्दा बढि घटिबढि भएमा तथा कुल सम्झौता अंकको २ प्रतिशत भन्दा बढी घटिबढि भएमा प्रोजेक्ट म्यानेजरले दर समायोजन गर्नु पर्ने व्यवस्था छ।निम्न कार्यको शुरु सम्झौता अंकको २ प्रतिशतले भन्दा घटी भएको अवस्थामा भेरिएसन स्वीकृत गरी दर समायोजन नगरेको देखिएकोले यसरी भएको कार्य नियमसम्मत मान्न नसकिएको रू.

| कामको विवरण | निर्माण व्यवसायी/आपूर्तिकर्ता | सम्झौता रकम | सम्पन्न/भुक्तानी रकम | घटी कार्य |
|---|---|---|---|---|
| पहाडीपुर फारलाइन स्तरोन्नती | निराजन भण्डारी ब्रदर्श जे.भि. | २६५९८७१८ | २५०१०४०२ | १५८८३१६(६ %) |
| | | | अनियमित भएको | १५,८८,३१६ |

५५ **पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम**

स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यविधि, २०८० को दफा ५ मा प्रदेश सरकार मार्फत गएको सशर्त कार्यक्रम अन्तर्गत पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रममा निजि क्षेत्र तथा फर्मलाई ५० प्रतिशत र समुह/सहकारीलाई ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराइने व्यवस्था छ। पालिकाबाट यस वर्ष प्रदेश सर्शत कार्यक्रम अन्तर्गत सञ्चालित पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रममा अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निम्नानुसार रहेको छ।

| गो.भौ.नं. र मिति | अनुदानग्राही | भुक्तानी भएको |
|---|---|---|
| १९(२०८१।३।१३) | देव कहादुर मगर | २५८९० |
| २०(२०८१।३।२४) | धनन्जय शर्मा उपाध्याय | ४७२९१ |
| २१(२०८१।३।२४) | सरस्वती चौधरी | ३९०१६ |
| २२(२०८१।३।२४) | जे पी कृषि तथा पशुपंक्षी फर्म | ४७३६० |
| २३(२०८१।३।२४) | रिमा देवी महतो | ४६०२१ |
| २४(२०८१।३।२४) | कुन्तलिया थारु | ४९९८२ |
| २५(२०८१।३।२४) | आनन्द भैसी फर्म | ३००२६ |
| २६(२०८१।३।२४) | बम बहादुर भुल | ३८७७० |
| २७(२०८१।३।२४) | त्रीशक्ति कृषि फर्म | १९८७५ |
| **जम्मा** | | ३४४२३१ |

५६ **साना सिंचाई निर्माण तथा मर्मत सम्भार**

स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यविधि, २०८० को दफा ५ मा प्रदेश सरकार मार्फत गएको सशर्त कार्यक्रम अन्तर्गत साना सिंचाई निर्माण तथा मर्मत सहयोग कार्यक्रममा निजि क्षेत्र तथा फर्मलाई ५० प्रतिशत र समुह/सहकारीलाई ८५ प्रतिशत सम्म अनुदान उपलब्ध गराइने व्यवस्था छ। यस वर्ष प्रदेश सर्शत कार्यक्रम अन्तर्गत सञ्चालित साना सिंचाई निर्माण तथा मर्मत सहयोग कार्यक्रममा अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | अनुदानग्राहीको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | आधुनिक कृषक बहुमुखी सहकारी संस्था लि. | ५७४६० |
| २ | कवि एकिकृत कृषि फर्म | १२९२५ |
| ३ | किसान ट्रेड लिंक एण्ड सप्लायर्स | ३२०७२० |
| ४ | चन्द्रकला देवी भण्डारी पहाडीपुर | ३३४२४ |
| ५ | जवलपुर कृषक सहकारी संस्था लि | ५७४६० |
| ६ | डण्डी प्रसाद जैशी, जानकी ८ भगरैया | ३३४२४ |
| ७ | दिर्घ बहादुर बम जानकी २, भगरैया | ३३४२४ |
| ८ | धन बहादुर थारु, जानकी ५ पथरैया | ३३४२४ |
| ९ | धर्मराज विष्ट जानकी २ | ३३४२४ |
| १० | नैने लुहार जानकी ३, भगतपुर, कैलाली | ३३४२४ |
| ११ | पुष्पराज जैशी, जानकी २ परागिपुर | २३८५० |
| १२ | बिज बृद्धि कृषक सहकारी संस्था लि | ५७४६० |
| १३ | मन्जरी महिला कृषक समुह जानकी १, धर्मापुर | ५७४६० |
| १४ | मान बहादुर साउँद जानकी ६, जगतपुर | ३३४२४ |
| १५ | रण बहादुर बिष्ट जानकी ८, भगरैया | १२९२५ |
| १६ | राधा कृष्ण कृषक समुह जानकी १ धर्मापुर | ५७४६० |
| १७ | श्री सामूहिक थारु कृषि सहकारी संस्था लि | ५७४६० |
| १८ | श्रीराम चौधरी, जानकी १ धर्मापुर | ३००८४ |
| १९ | सयपत्री महिला कृषक समुह मुनुवा कैलाली | ५७४६० |
| २० | सिताराम थारु जानकी २ बढरिया कैलाली | ३३४२४ |
| २१ | हरि प्रसाद चौधरी जानकी १ धर्मापुर | ३३४२४ |
| २२ | हरियाली कृषक समुह जानकी ८, भगरैया | ५७४६० |
| **जम्मा** | | ११६१०० |

५७ **बोरिङ्ग जडान**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी निम्न गो.भौ.नं. बाट बोरिङ्ग खरिद गरी निम्न समूह तथा व्यक्तिहरुलाई २५ प्रतिशत लागत सहभागितामा वोरिङ्ग जडान तथा वितरण गरेको छ। अत: पालिकाले स्पष्ट कार्यविधि तथा मापदण्ड तयार गरी आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययि रुपमा खर्च गर्ने व्यबस्था हुनु पर्दछ। लाभग्राहीको विवरण निम्नबमोजिम रहेको छ।

| क्र.सं. | गो.भौ.नं. र मिति | अनुदानग्राहीको विवरण |
|---|---|---|
| १ | १२६(२०८०।११।१४)-२००००० | ओम प्रकाश चौधरी |
| | | लक्ष्मी रावल |
| | | संयुक्त प्रगतिशिल समुह |
| २ | १२८(२०८०।११।१४)-३६८८३७ | प्रेम बहादुर रावल-जानकी ८ |
| | | लोकेन्द्र शाही |
| | | शर्मिला कुश्मी |
| | | कोइली देवी कुँवर |
| | | उमेश चौधरी |
| | | ईश्वरी वड्डुवाल |
| | | हिरा सिंह ड. थारु |
| ३ | ३७०(२०८१।३।१७)-२२९९९४ | किसनलाल चौधरी जानकी ४ |
| | | सिताराम कठरिया |
| | | मन्टोरा कठरिया |
| | | विजग कठरिया |
| | | टेक बहादुर कठरिया |
| | | हेमा कठरिया |
| | | भुसल कठरिया |
| | | निरज डगौरा थारु |
| | | भक्त बहादुर कडायक |
| | | फगुनी |
| जम्मा | ७९८८३१.०० | |

### ५८ सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतकासामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री वापत प्राप्त रकम एकिन गरि प्राप्त रकमको दश प्रतिशत रकम असुल गरी पालिकको संचित कोषमा दाखिला गर्नुपर्दछ।

### ५९ ह्युम पाइप तथा खरिद

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट ह्युम पाइप खरिद गरी विभिन्न वडाहरुमा वितरण गरी खर्च लेखेको छ। अत: वितरण गरेका ह्युम पाइपको जडान तथा प्रभावकारी उपयोग सम्बन्धमा पालिकाबाट नियमित अनुगमन हुनुपर्दछ।

| क्र स | सप्लायर्सको नाम | खरिद भएको सामान | भुक्तानी रकम |
|---|---|---|---|
| १ | न्यू त्रिशक्ति कन्स्ट्रक्सन | ह्युम पाइप खरिद | ६६४२७२ |
| २ | विश्व लक्ष्मी निर्माण सेवा | ह्युम पाइप खरिद | २०००६५ |
| ३ | साउद विल्डर्स प्रालि | ह्युमपाइप जडान | ३११६९४ |
| ४ | भागेश्वर ह्युमपाईप इण्डष्ट्रिज प्रालि | ह्युमपाइप खरिद | ७६७९४६ |
| ५ | बर्दगोरिया ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युमपाइप जडान | ३८०९५६ |
| ६ | पियुष निर्माण सेवा | ह्युमपाइप जडान | १६०९०४ |
| ७ | अनुष्का कन्स्ट्रक्सन | वडा नं. ३ मा ह्युमपाइप जडान | २००२७९ |
| ८ | जे एस वि आर कन्स्ट्रक्सन | ह्युम पाइप जडान | १९२९५८ |
| जम्मा | | | २८७९०७४ |

६० **मुल्य अभिवृद्धि कर**

मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ। तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ। यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यी निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने थप कानुनी व्यबस्था रहेको छ। निम्नानुसार व्यबसायीसँगको सम्झौता अनुसार मु अ कर अशुल हुन बाँकी रहेको देखिन्छ। व्यबसायीको ठेक्का रकममा लाग्ने मु अ कर अशुल गरी दाखिला गरेको नदेखिएकोले सम्झौता अनुसारको रकममा लाग्ने मु अ कर अशुल गरेको प्रमाण सहित सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट प्रमाणित पत्रसमेत पेश हुनु पर्ने रु.

| क्र.सं. | आय ठेक्का विवरण | ठेक्का नं. | ठेकेदार फर्म/व्यक्ति | ठेक्का अंक | असुल हुनुपर्ने मु अ कर |
|---|---|---|---|---|---|
| १ | कवाड संकलन | 01/2080/81 | G.N.S. Contraction Lamki chuha 1, Kailai | ५०५००० | ६५६५० |
| | | | | असुल गर्नुपर्ने | ६५,६५० |

६१ **नदि जन्य पदार्थको उत्खनन**

कर्णाली नदीको ६ वटा साइट नदिजन्य पदार्थ उत्खनन् गर्ने उद्देश्यले गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा ८०८८० घन मिटर उत्खनन गर्न मिल्ने उल्लेख छ। पालिकाले सोही परिमाणलाई आधार लिएर ठेक्का लगाउने उद्देश्यले ३ प्याकेज बनाई बोलपत्र आहवान हुदा साइट ३ र ४ को प्याकेज नं. २(JRM/IR/02/2080/81) र साइट ५ र ६ को प्याकेज नं. ३ (JRM/IR/01-2080/81) मा मात्र बोलपत्र परेको र साइट १ र २ को प्याकेज नं. १ मा कुनै बोलपत्र नपरेकोले पालिकाले अमानतबाट नदीजन्य पदार्थ उत्खनन गरेको देखिन्छ। पालिकाले अमानतबाट १५६६ घन मिटर परिमाण उत्खनन गरी रोयल्टी रू. ३३४११२.०० असुल गरिएको देखियो। पालिका तथा सम्बद्ध निकायले उत्खनन गरिएका नदिहरुको अनुगमन गरी के कति नदिजन्य पदार्थ उत्खनन हुन बाकी रहेको सम्बन्धमा केहि उल्लेख गरिएको छैन। के कति नदिजन्य पदार्थ उत्खनन हुन बाकी रहेको सो समेत अनुगमन गरी उत्खनन भएको परिमाण सुनिश्चित गर्नु पर्दछ।

| क्र.सं. | स्रोत/ खोला | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उत्खनन गर्ने सकिन परिमाण | छनौट भएको बोलपत्रदाता | कबोल अंक | उत्खनन गरिएको परिमाण |
|---|---|---|---|---|---|
| १ | साइट १ र २ को प्याकेज नं. १ | ३२८८० घनमिटर | अमानतबाट संकलन | ३३४११२(संकलन) | १५७६ |
| २ | साइट ३ र ४ को प्याकेज नं. २ | २८४०० घनमिटर | के एस कन्स्ट्रक्सन | ६०२०८०० | |
| ३ | साइट ५ र ६ को प्याकेज नं. ३ | १९६०० घनमिटर | गौतम निर्माण सेवा | ४२००००० | |
| जम्मा | | ८०८०० घनमिटर | | १०५५४९१२.०० | |

## ६२ नदिजन्य पदार्थको मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मूल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु अ कर असुल गरी त्यस्तो कर बेदर्तावालाबाट सङ्कलन गरी राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। नदिजन्य पदार्थ संकलन तथा विक्रीको लागि पालिका र निम्न निर्माण व्यवसायीसँग सम्झौता भएकोमा सम्झौता अंकको १३ प्रतिशत मू अ कर पालिकाले संकलन गरी संकलित मु अ कर बेदर्तावालाबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्नेमा सम्बन्धित निर्माण व्यवसायीको मू अ कर नं. बाट कर कार्यालयमा दाखिला भएको देखिन्छ। यसरी सम्बन्धित कन्स्ट्रक्सनले आफ्नो मु अ कर नं. बाट दाखिला गर्दा मु अ कर समायोजन गर्ने र भुक्तानी गरेको मु अ कर फिर्ता लिने अवस्था देखा पर्दछ तर बेदर्तावालाबाट संकलित मु अ कर समायोजन तथा फिर्ता गर्ने व्यवस्था नभएकोले सम्बन्धित कन्स्ट्रक्सन कम्पनीले आफ्नो मु अ कर नं. बाट दाखिला गरेको मु अ कर असुल गरी नियमानुसार बेदर्तावालाबाट सम्बन्धित शिर्षकमा दाखिला गर्नुपर्दछ। रु.

| क्र.सं. | स्रोत/ खोला | बोलपत्रदाता | कबोल अंक | मू अ कर |
|---|---|---|---|---|
| १ | साइट ३ र ४ को प्याकेज नं. २ | के एस कन्स्ट्रक्सन | ६०२०८०० | ५४६००० |
| २ | साइट ५ र ६ को प्याकेज नं. ३ | गौतम निर्माण सेवा | ४२००००० | ७८२७०५ |
| जम्मा | | | १०५५४९१२.०० | १३२८७०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,२८,७०५ |

## ६३ कर बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायी ऐरावती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कभर्ड हल व्याडमिण्टन कोर्ट व्यवस्थापनको लागि सामग्री खरिदको रु. ९८००००.०० भुक्तानी भएकोमा फोटोकपी बिल संलग्न राखी भुक्तानी भएकोले छ। तसर्थ सक्कल कर बिजक वेगर कार्यालयबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण सहित सक्कल बिल पेश गर्नुपर्दछ। रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८०,००० |

## ६४ दुविधायुक्त कानुनी व्यवस्था

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। स्थानीय

तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ढुंगा गिटी वालुवावापत रू.१०५५४९१२.००संकलन गरेकोमा स्थानीय सरकार संचालन ऐनको व्यवस्थालाई आधार लिई कुनै पनि रकम प्रदेश संचित कोषमा पठाएको देखिएन। कानुनी व्यवस्थाहरु एक आपसमा बाझिने गरी बनाएको अवस्थाले प्रदेश आर्थिक ऐन कार्यान्वयन हुन सकेको देखिएन। कानूनी व्यवस्थामा आवश्यक सुधार ल्याउनु पर्दछ।

## ६५ सामाजिक सुरक्षा भत्ता वितरण

यस वर्षपालिकाको आर्थिक वर्षको अन्त्य सम्ममा जम्मा ५४८८ जना लाभग्राही रहेकोमा एक आर्थिक वर्षमा जम्मा रकम रू. २०६५७८५२१ निकासा भएको देखिन्छ। वर्षको अन्त्यमा लगतकट्टा गरिएका लाभग्राहिको रकम बैंकबाट फिर्ता आएको रू ३८०४५४ हुदा जम्मा रू २०६१९८०६७ खर्च भएको पाइयो। साथै पालिकाबाट उपलब्ध विवरण अनुसार वडागत सामाजिक सुरक्षा निकासा निम्नानुसार रहेको छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई व्यवस्थित गर्नुपर्दछ।

| **वडामा भएको खर्च** | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **जम्मा निकासा** |
|---|---|---|---|---|---|
| वडा नं १ | ४७३६६५२ | ४७५३३१८ | ४७१३७१७ | ४७६५८६१ | **१८९६९५४८** |
| वडा नं २ | ५५४२८०४ | ५५६०९६८ | ५५४७५१० | ५७२१८६१ | **२२३७३१४३** |
| वडा नं ३ | ५३१९००७ | ५३७४१९१ | ५३९२२०८ | ५५४१०६५ | **२१६२६४७१** |
| वडा नं ४ | ५०६८१२३ | ५१४०५७९ | ५११९९४९ | ५१४७९०८ | **२०४७६५५९** |
| वडा नं ५ | ३९६६८२५ | ३९९१६०३ | ४०५६७९८ | ४०८१४९४ | **१६०९६७२०** |
| वडा नं ६ | ४५८७७७५ | ४६६०५०१ | ४७१२६०७ | ४७६४१७० | **१८७२५०५३** |
| वडा नं ७ | ५७२५१७५ | ५७९५४०६ | ५८३१२०५ | ५७९८११५ | **२३१४९९०१** |
| वडा नं ८ | ६६०९५९६ | ६७४६९६५ | ६८३८५०४ | ६९१६७५२ | **२७१११८१७** |
| वडा नं ९ | ९२८६५४५ | ९४०४५५५ | ९५७८२६८ | ९७७९९४१ | **३८०४९३०९** |
| **जम्मा** | **५०८४२५०२** | **५१४२८०८६** | **५१७९०७६६** | **५२५१७१६७** | २०६५७८५२१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : जानकी गाउँपालिका, कैलाली , जानकी गाउँपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | आशिष चौधरी | २०८०-६-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिनेश माझी | २०७६-९-८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,४६९,७४९ | ७,७१०,८२० | ६,५९१,४५८.६ | ० | ९३२,००१ | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,७०४,०२८.६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,११४,४६६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,५८९,५६२.६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६७०४७५८५.३५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४८४९९३८१ | **चालु खर्च** | ३७०५९२६८९.८ |
| **प्रदेश सरकारबाट अनुदान** | २१६९७१२३.९४ | **पूँजीगत खर्च** | १३६३७३१९८.७ |
| **राजश्व बाँडफाँट** | १२४३८१६४५.३ | **वित्तीय/अन्य व्यवस्था** | २७९२५९९२२.९८ |
| **आन्तरिक आय** | २०९८१९६३.७२ | | |
| **अन्य आय** | २६०३२७२४८.७५ | | |
| **कुल आय** | ७७५८८७३६२.७१ | **कुल खर्च** | ७८६२२५८११.४८ |
| **बाँकी मौज्दात** | | ५६७०९१३६.५८ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।